''पोषिलो खाना, शुद्ध पानी, सुरक्षित चर्पी, साबुन पानीले हात धुने, फोहर ब्यबस्थापनको अनिवार्यता, सूचना सन्देश र स्वास्थ्य सेवाका लागि नगरपालिकाको प्रतिवद्दता''

# स्वास्थ्य तथा पोषण अवस्थाको वस्तुगत विवरण (पार्श्वचित्र)

## २०८१



अमरगढी नगरपालिका

**स्वास्थ्य शाखा**

डडेल्धुरा, नेपाल

## पूरक तथा थप खाना सम्बन्धी सिफारिस गरिएका व्यवहारहरू

| उमेर (उ) Age (A) | पटक (प) Frequency (F) | मात्रा (मा) Amount (A) | बाक्लोपना (बा) Thickness (T) | प्रकार (प्र) Variety (V) | सकृय खुवाई (स) Active Feeding (A) | सरसफाई (स) Hygiene (H) |
|---|---|---|---|---|---|---|
| ६ पुरा - ९ महिना सम्म | | | | | | |
| ९ पुरा - १२ महिना सम्म | | | | | | |
| १२ पुरा - २४ महिना सम्म | | | | | | |









## स्तनपानको सहि आसन र सम्पर्क





बच्चाको मुख राम्रो संग खुलेको

राम्ररी स्तनपान गरिरहेको

### उपयूक्त आसनका ४ संकेतकहरू

१) शिशुको शरिर **सिधा** हुनुपर्दछ ।

२) शिशुको शरिर र मुख **आमाको स्नततिर फर्किएको** हुनुपर्छ ।

३) शिशुको **पेट आमाको पेटसंग टाँसिएको** हुनुपर्दछ ।

४) आमाले शिशुको **पुरै शरिरलाई थामेको (आड दिएको)** हुनुपर्छ ।

### उपयूक्त सम्पर्कका ४ संकेतकहरू

१) शिशुको **मुख पुरा खुलेको** हुनुपर्छ ।

२)शिशुको **चिउडोले आमाको स्तन छोएको** हुनुपर्दछ ।

३) स्तनको धेरैजसो **कालो भाग बच्चाको मुखभित्र पसेको** हुनुपर्छ ।

४) शिशुको **तल्लो ओठ बाहिर फर्केको** हुनुपर्दछ ।

*"पोषिलो खाना, शुद्ध पानी, सुरक्षित चर्पी, साबुन पानीले हात धुने, फोहर ब्यबस्थापनको अनिवार्यता, सूचना सन्देश र स्वास्थ्य सेवाका लागि नगरपालिकाको प्रतिवद्दता"*

# स्वास्थ्य तथा पोषण अवस्थाको वस्तुगत विवरण (पार्श्वचित्र)

## २०८१

**अमरगढी नगरपालिका**
**स्वास्थ्य शाखा**
**डडेल्धुरा**

**सल्लाहकार**
श्री डिल्लीराज जोशी, प्रमुख
श्री पार्वती देवी झुकाल, उपप्रमुख
श्री खेमराज भट्ट, संयोजक, सामाजिक विकास समिति

**सम्पादन मण्डल**
श्री लक्ष्मी प्रसाद उपाध्याय, प्रमुख प्रशासकीय अधिकृत
श्री हेमन्तराज पन्त,शाखा प्रमुख, शिक्षा शाखा
श्री गणेश बहादुर बिष्ट,शाखा प्रमुख, स्वास्थ्य शाखा

**कार्यकारी सम्पादन**
श्री गणेश बहादुर बिष्ट,शाखा प्रमुख, स्वास्थ्य शाखा

**शाखागत सहयोग**
श्री गणेश बहादुर बिष्ट, स्वास्थ्य शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री हेमन्त राज पन्त, शिक्षा शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री मीनराज ओझा, शासकीय प्रबन्ध प्रमुख, अमरगढी नगरपालिका
श्री महावीर साँकी, पशुपन्छी विकास शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री लाल ब साउँद, खानेपानी तथा सरसफाइ शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री रमेश भण्डारी, कृषि विकास शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री इन्द्रा रावल, महिला तथा बालबालिका शाखा प्रमुख, अमरगढी नगरपालिका
श्री प्रेम बहादुर ऐर जनस्वास्थ्य निरिक्षक, अनपा स्वास्थ्य शाखा
श्री महादेव भट्ट सिअहेव, अनपा स्वास्थ्य शाखा
श्री हिना बिष्ट, पोषण सहजकर्ता, अमरगढी नगरपालिका

**प्राबिधिक सहयोग**
श्री धर्म सिंह ऐर,पोषण वीज्ञ, कन्सल्टेन्ट, अमरगढी नगरपालिका

**अमरगढी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**डडेल्धुरा**

## शुभकामना सन्देश



गुणस्तरीय र सर्वसुलभ आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिका कटिबद्ध रहेको छ। नगरपालिकाले संघीय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा निशुल्क स्वास्थ्य सेवा सबै नागरिकको पहुँचमा हुने गरी कार्य गर्दै आएको छ। नगरपालिकाको स्वास्थ्य शाखाले वस्तुगत अवस्था र पोषण सरसफाईको अवस्था झल्किने गरी स्वास्थ्य र पोषण अवस्थाको वस्तुगत विवरण २०८१ प्रकाशन गर्न लागेको छ।

नागरिकलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन हरसम्भव कोशिश गरिरहदा पनि नागरिकको स्वास्थ्य सम्बन्धी बानी र व्यवहार परिवर्तन सोचे अनुरुप परिवर्तन भएको देखिदैन। बानी र व्यवहार परिवर्तनका लागि सबै नागरिकलाई स्वास्थ्य र सरसफाईको कानून निर्माण गरेमा व्यवहार परिवर्तन चाँडो हुने देखिन्छ। राज्यले प्रदान गर्ने सेवाहरूमा कमि छ र पनि नागरिकको बानी व्यवहार स्वास्थ्यमैत्री नहुँदा स्वास्थ्य क्षेत्रमा चूनौती थपिदै गएको छ। स्वास्थ्य क्षेत्रको सुधारका लागि अधिकतम प्रयासरत रहने कुरा अनुरोध गर्न चाहान्छु।

प्रकाशन हुन लागेको पुस्तक प्रेरणाको श्रोत हुनुका साथै यसका तथ्याङ्कहरूबाट आगामी बर्षका योजना निर्माण गर्न समेत सहज पुग्नेछ भन्ने विश्वास लिएको छु।

यस अध्ययन अनुसन्धान कार्यमा संलग्न हुनु हुने कार्यपालिका, स्वास्थ्य शाखाका कर्मचारी, पोषण बिज्ञ, स्वास्थ्य शाखा प्रमुख तथा अन्य सम्पूर्णमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु।

**डिल्लीराज जोशी**
प्रमुख

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा

## शुभकामना सन्देश



संविधानको मर्म र उद्देश्यलाई साकार पार्नका लागि नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्नु राज्यको कर्तब्य हो । सो कार्यलाई सार्थक बनाउनु सबैको सहयोग जरुरी छ । स्वास्थ्य प्रवर्द्धन गर्न र नागरिकको चलिरहेको व्यवहारमा परिवर्तन गर्न कठीन कार्य हो । व्यवहार परिवर्तन तब मात्रै सम्भव छ जब नागरिकले दिएको सेवाको महशुस गर्छन् र परिवर्तनको अनुभूति गर्दछन् । अब सबै नागरिकको चलि रहेका चलनहरू सकारात्मक भए लागू गर्ने र नकारात्मक चलन भए परिवर्तन गर्नु हामी सबैको कर्तब्य हो साथै गलत अभ्यासबाट सकारात्मक अभ्यासति समाज रुपान्तरण गर्नु अहिले टड्कारो आवश्यकता हो ।

बिगत लामो समय देखि समुदायका बालबालिकाको पोषण अवस्थाको सुधारका लागि अमरगढी नगरपालिकामा निकै नै मेहनेत गरिएको छ । सबै बालबालिकाहरूलाई खोजि खोजि तौल र नाप लिईएको छ । सबै बालबालिकाहरूको अवस्था अनुसार कडा कुपोषण देखिएमा तुरुन्तै उपचारमा राखिएको छ । गर्भवती भएका आमाहरूलाई समय अनुसार कसैलाई नछुटाई गर्भ जाँच गरिएको छ भने सबै गर्भवतीहरूलाई प्रसुतिका लागि संस्थामा नै प्रसुतिको वातावरण मिलाईएको छ । गाउँगाउँमा चाङ्ग जुठ्यान निर्माण भएका छन । चाङ्ग जुठ्यान बनाउनेहरूलाई एक फिल्टर निशुल्क अनुदान प्रदान गरिएको छ । विद्यार्थीहरूलाई फोहर पानी पिउन नदिन पानी शुद्धिकरणको मसिन जडान गरिएको छ । समुदायमा गर्नु पर्ने स्वास्थ्यका गतिबिधिहरू सञ्चालन भएका छन् ।

सम्पूर्ण गतिविधिहरूको बृस्तित अभिलेखिकरण गरिएको पुस्तक प्रकासन हुन लागेकोमा गौरबको महशुस हुन स्वभाविक हो । यस कार्यमा मेहेनत गर्ने सल्लाह दिने कार्यपालिका, न.पा., स्वास्थ्य शाखा परिवार, पोषण विज्ञ लगायत सबैलाई धन्यवाद दिन चाहान्छु । यस्ता कार्य आगामी दिनमा समेत निरन्तरताका लागि शुभ कामना दिन चाहान्छु ।

**पार्वती देवी झकाल**
उपप्रमुख

अमरगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

डडेल्धुरा

## मन्तव्य



अमरगढी नगरपालिकाका सबै वडाहरूको स्वास्थ्य अवस्था, पोषण अवस्था र सरसफाईको अवस्थाको बारेमा बिस्तृत तथ्याङ्कका आधारमा प्रोफाईल निर्माण कार्य निकै महत्त्वपूर्ण रहेको छ । अनुसन्धानात्मक कार्य गर्नु साथै विश्लेषणात्मक कार्य गर्नु आफैंमा एक जटिल कार्य हो, समाज, सामाजिक जनजीवन र सामाजिक व्यवहारका कार्यहरूको गुणात्मक अध्ययन अझै जटिल कार्य हो । यस प्रकारका चूनौतीका बापजुत पनि स्वास्थ्य शाखाले समुदायका नागरिकहरूको स्वास्थ्य अवस्था र चूनौतीको गहन अध्ययन गरी प्रतिवेदन तयार गरेको छ । यस कार्यबाट आगामी योजना निर्माण र प्राथमिकिकरण गर्न सहज पुग्ने छ ।

हाम्रो जस्तो विविधतामूलक समुदायमा सेवा दिनु निकै चुनौतिपूर्ण कार्य हो । नागरिकका समस्याहरूलाई समाधान गर्नकालागि पालिकाको एकल प्रयासलेमात्र सम्भव देखिदैन । संविधानले अनिवार्य गरेको निशुल्क र आधारभुत स्वास्थ्य सेवा राज्यले गुणात्मक तरिकाले प्रदान गर्दा पनि नागरिकले स्वास्थ्य क्षेत्र, पोषण क्षेत्र र सरसफाई क्षेत्रमा त्यति ध्यान दिएको अनुभूति भएको छैन । यस प्रकारका समस्यालाई केन्द्र बिन्दुमा राखि आगामि दिनमा सबै नागरिकको पहुँचमा निशुल्क र आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्दै लगिने र नागरिकलाई समेत उत्तरदायी बनाउँदै लैजाने गरी अगाडि बढिने कुराको बिश्वास दिलाउन चाहन्छु ।

यस अध्ययन अनुसन्धान कार्यमा संलग्न हुनु हुने स्वास्थ्य शाखाका कर्मचारी, पोषण बिज्ञ, स्वास्थ्य शाखा प्रमुख तथा अन्य सम्पूर्णमा हार्दिक धन्यवाद ब्यक्त गर्दछु ।

**लक्ष्मी प्रसाद उपाध्याय**

प्रमुख प्रशासकीय अधिकृत

# अमरगढी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## डडेल्धुरा

## दुई शब्द

स्वस्थ, सुखी र समृद्ध परिवार, हाम्रो सरोकार
प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार



स्वास्थ्य क्षेत्रका नीतिहरूमा सबै नागरिकहरूलाई गुणस्तरीय स्वास्थ्य प्रदान गर्ने हेतुले र दिगो विकास लक्ष्यले निर्धारण गरेका स्वास्थ्य र पोषण सम्बन्धी लक्ष्यहरू हासिल गर्न नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई आत्मसाथ गर्दै अमरगढी नगरपालिकाले लिएको ***"सम्पूर्ण नगरबासीको गौरवपूर्ण शहरः सफा, स्वच्छ, सुन्दर, हराभरा नगर"*** नारा र ***"पोषिलो खाना, शुद्ध पानी,, साबुन पानीले हात धुने,, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिवार्यता"*** अभियानलाई मुर्त रुप दिन स्वास्थ्य प्रवर्द्धन कार्य गर्दै आएको छ । पोषणका कोणबाट हेर्दा अमरगढी नगरपालिकाको १० न वडा मिति २०७९।१२।३ गते पोषणमैत्री वडा घोषणा भई सकेको र बाँकी वडाहरूमा पोषण र सरसफाई लगायत बहुक्षेत्रीय पोषण कार्यविधिले अंगालेका सबै बुँदाहरूको प्रारम्भिक अवस्था पत्ता लगाउनका लागि गरिएको सर्वेक्षणको नतिजाका आधारमा यो प्रोफाईल तयार गरिएको छ।

विकासका समग्र आयमहरू पुरा गर्न भौतिक निर्माण, आर्थिक विकास, गरिबि निवारणका रोजगारी प्रवर्द्धन गर्नु अहिलेको आवश्यकता भए पनि विकासका महत्त्वपूर्ण क्षेत्रहरू जस्तै शिक्षा,स्वास्थ्य, खानेपानी तथा सरसफाई, महिला बालबालिका, कृषि, पशुपन्छी स्वास्थ्य र शुसासन लगायतका क्षेत्रहरूको पूर्णताले मात्र मानवीय विकास र सामाजिक रुपान्तरण सम्भव छ। पोषणको अबस्थामा गरिने सुधारले मात्रै मानब पुँजीको निमार्ण र आर्थिक विकासमा टेवा पुग्ने भएकोले नेपालमा पनि विगत लामो समयदेखि पोषण सुधारको प्रयास हुँदै आएको छ। पोषणको अवस्था सुधार गर्न संयूक्त रुपमा प्रयास गर्नुपर्दछ भन्ने तथ्यलाई मनन गर्दै नेपाल सरकारले राष्ट्रिय योजना आयोगको नेतृत्वमा सम्बन्धीत विषयगत मन्त्रालय तथा विकास साझेदारहरूको सहयोगमा बहुक्षेत्रीय पोषण योजना बि.सं. २०६९ देखि कार्यान्वयनमा रहेको छ। डडेल्धुरा जिल्लामा बि.सं. २०७३ बाट बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनको थालनी भएको हो। नेपालमा संघीय प्रणाली अनुसार राज्य संचालनको प्रक्रिया अगाडि बढेसंगै नेपाल सरकारको प्राथमिकतामा परेको पोषण सम्बन्धी पोखरा प्रतिबद्धता, २०७३ साथै २०७६ माघ २७ र २८ गते यस नगरपालिकाका जनप्रतिनिधि र सरोकारवालाहरूले गरेको पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता अनुसार बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयनलाई तिब्रता दिदै आइएको छ।

बहुक्षेत्रीय पोषण कार्यक्रमलाई सार्थक बनाउन सामुहिक प्रतिबद्धता, वडा तथा पालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा समिति गठन तथा पुर्नगठन, शाखागत र पालिका स्तरमा पोषण सम्पर्क व्यक्ति, डेस्क स्थापना, निश्चित सूचक तथा मापदण्डका आधारमा वडा छनौट, पोषणको बस्तुगत विबरण संकलन, तयारी, विश्लेषण र प्रकासन, सरोकारवालाहरूको पहिचान, समन्वय, संजाल निर्माण र परिचालन, बहुक्षेत्रीय पोषण योजनाको वार्षिक योजना तर्जुमा, लगानिको सुनिश्चितता र योजना कार्यान्वयन र विशेष अभियान तथा लक्षित कार्यक्रम संचालन, पोषण मैत्री स्थानीय शासन अवलम्बनका लागि पोषणमैत्री वडा घोषणा कार्यविधि निर्माण, स्थितिपत्र प्रकाशन र सार्बजनिकिकरण, अनुगमन समिक्षा र मुल्याकंन, नगरपालिकाबाट पोषणको क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता सहितको निर्णय, पोषण मैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकहरूको प्रमाणिकरण, सहित वडा घोषणाका कार्यहरू पहिले नै गरिसकिएका छन् ।

यो प्रोफाईलमा नागरिकको स्वास्थ्य पोषण र सरसफाईको मिहिन ढंगले अध्ययन गर्दै पोषण र सरसफाईका सवालमा कुन कुन पक्ष समेटेर योजना निर्माण गर्नुपर्ने हो भन्नेमा स्पस्टता आएको छ । यो अध्ययनबाट थाहा हुन्छकि खुल्ला दिशामुक्त वडा र पालिका घोषणा हुँदा पनि अझै महिनावारी भएका महिलाहरूलाई घर परिवारबाट ४ दिनसम्म सौचालय प्रयोगमा रोक लगाई उनीहरू खुल्ला स्थानमा सौच गर्न वाध्य बनाईएका, महिलाहरू महिनावारी भएको ४ दिनसम्म नै गाईवस्तुसँग सुत्नु पर्ने वाध्यता, १९ प्रतिशत परिवार अझै पनि सौचालय विहिन वा अवस्थित हुनु, १० प्रतिशतले दिशा गरेपछि साबुनपानीले आफ्नो हात नधुनु र ६३ प्रतिशत नागरिकको दाँत बिग्रेको अवस्थाले हामीलाई सामुदायिक स्वास्थ्य प्रवर्द्धनात्मक अवस्था कस्तो छ भनि झल्को दिई रहेको छ । राम्रो पक्ष भनेको यो अवस्थालाई जुझ्नका लागि केही सामुदायिक स्वास्थ्य कार्यक्रमको योजना निर्माण गर्न सजिलो बनाई दिएको छ ।

सबै सूचकहरूको न्युनतम लक्ष्यको प्राप्तिका लागि २०७६ देखि २०७९सम्म गाउँ गाउँ टोल टोल घर घरसम्म पोषण र सरसफाईमा आधारित रहि व्यवहार परिवर्तन, राहत वितरण गर्नुका साथै पटक पटक गरिएको अनुगमन र फलोअपले नागरिकको व्यवहार परिवर्तनमा उल्लेखनीय सुधार हुँदा हुदै पनि अपेक्षित लक्ष्यमा पुग्न अझै धैरै कार्य गर्नु पर्नेछ ।

यसरी अमरगढी नगरपालिकाको स्वास्थ्य पोषण र सरसफाईको प्रोफाईल निर्माणमा सहयोग गर्नुहुने नेपाल सरकार, प्रदेश सरकार, कार्यपालिका, नगर प्रमुखज्यु, उपप्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्युका साथै अन्य स्वास्थ्यकर्मी, कर्मचारी, विद्यालय नर्स र गणकहरूलाई धन्यवाद दिन चाहान्छु । यसकार्यमा शुरु प्रश्नावली निर्माण देखि अन्त्य डाटा विष्लेषणसम्म सहयोग गर्नु हुने पोषण विज्ञ धर्मसिंह ऐरलाई विषेश धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।। जय पोषण

**गणेशबहादुर बिष्ट**
स्वास्थ्य शाखा प्रमुख

# विषयसूचि


| | | |
|---|---|---|
| १) | नेपालमा स्वास्थ्य तथा पोषणको अवस्था | १ |
| २) | स्थानीय तहको संक्षिप्त विवरण | ६ |
| | २.१) परिच | ६ |
| | २.२) अमरगढी नगरपालिका अन्तरगत रहेका विभिन्न बस्तिहरूको विवरण | ७ |
| | २.३) स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको | ९ |
| | २.४) वडागत परिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण | ९ |
| ३) | अमरगढी नगरपालिकाको आर्थिक अवस्था | १० |
| ४) | अमरगढी नगरपालिकामा रोजगारिको अवस्था | ११ |
| ५) | अमरगढी नगरपालिकाको पोषणको अवस्था | १२ |
| | ५.१) क्षेत्रः स्वास्थ्य | १३ |
| | ५.२) क्षेत्रः शिक्षा | २९ |
| | ५.३) क्षेत्रः महिला तथा बालबालिका | ३५ |
| | ५.४) क्षेत्रः कृषि विकास | ३९ |
| | ५.५) पशुपन्छी विकास | ४५ |
| | ५.६) खानेपानी तथा सरसफाइ | ६३ |
| | ५.७) शाशकिय प्रबन्ध | ६७ |
| ७) | अमरगढी नगरपालिकाले आगामि दिनमा प्राथमिकताका साथ कार्यान्वयन गर्नुपर्ने क्रियाकलापाहरू | ७३ |


## अनुसुचीहरू


| | | |
|---|---|---|
| अनुसुचि १; | पोषणमैत्री स्थानीय तह कार्यान्वयनका चरणहरू | ७५ |
| अनुसुचि २; | पोषणमैत्री स्थानीय शासन मुल्यांकनका सूचकहरू | ७७ |
| अनुसुचि ३; | अमरगढी स्वास्थ्य नीति र कार्यक्रम २०८१ | ८० |
| अनुसूची-४; | स्वास्थ्यसँग सम्बन्धित कार्यविधिहरू | ८३ |
| अनुसूची ५; | आगामी बर्ष २०८१।८२ को प्रमाणित योजना खाका | ८४ |
| अनुसूची ६; | फोटो ग्यालरी | ९० |

## १) नेपालमा स्वास्थ्य तथा पोषणको अवस्था

'स्वास्थ्य' भन्ने शब्द मानिस जन्मेदेखि नमरेसम्म जीवनको हरेक पक्षसँग सम्बन्धीत छ। गुणस्तरीय स्वास्थ्य भन्नाले व्यक्ति शारीरिक रूपले तन्दुरुस्त, मानसिक रूपले सचेत, कुनै प्रकारको रोग नलागेको, स्वस्थ रहनका लागि वैज्ञानिक स्वास्थ्य आचरण अपनाउनुलाई जनाउँदछ। मानिसको जीवनमा प्राप्त हुने सम्पूर्ण उपलब्धिहरूको प्रमुख स्रोत नै असल स्वास्थ्य हो। असल स्वास्थ्यले नै व्यक्तिको सुन्दर भविष्यको निर्माण गर्नसक्दछ। विश्व स्वास्थ्य संगठनका नारा स्वास्थ नै धन हो भन्ने नाराले पनि प्रष्ट गर्दछ। मानिसको सबैभन्दा बहुमूल्य सम्पत्ति नै स्वास्थ्य हो। स्वस्थ व्यक्तिले नै आफ्नो परिवार, समुदाय र राष्ट्रका लागि केही गर्नसक्छ र आफ्नो लक्ष्य प्राप्तिका लागि निरन्तर अगाडि बढ्न सक्छ। हरेक मानिसको जीवनमा स्वास्थ्यले ठूलो महत्त्व राख्दछ। स्वास्थ्य असल भएमा जीवनका हरेक पक्षमा मानिसले सफलता हासिल गर्न सक्दछ। त्यसकारण स्वास्थ्य नै धन हो भन्ने कुरामा कसैको पनि दुईमत हुँदैन। कुनै समयमा विभिन्न आपत/विपदबाट मुक्त अवस्थालाई स्वास्थ्यको रूपमा लिएको पाइन्छ। कुनै समयमा दीर्घायु जीवनलाई स्वास्थ्यको रूपमा लिएको पाइन्छ भने कुनै समयमा रोगबाट मुक्त रहेको अवस्थालाई लिइएको पाइन्छ। यसरी बदलिँदो समयअनुसार स्वास्थ्यको अर्थ फरक–फरक रूपमा आएको देखिए पनि स्वास्थ्यलाई रोगबाट मुक्त भएको अवसरको रूपमा स्वीकार्ने व्यक्तिहरू अहिलेको समयमा पनि धेरै छन्। स्वास्थ्य भन्ने शब्दको विकासात्मक इतिहासलाई केलाएर हेर्दा यसले सम्पूर्णतालाई लक्षित गरेको पाइन्छ। यहाँ सम्पूर्णताको अर्थ एउटा सिङ्गो व्यक्तिलाई लक्षित गरेको पाइन्छ। यसले व्यक्तिको सम्पूर्ण शारीरिक अङ्ग प्रत्यंगहरूको स्वस्थ्यतालाई निर्देशित गर्दछ अर्थात् व्यक्तिको सम्पूर्णता नै स्वास्थ्य हो। अङ्ग्रेजी शब्दकोषमा स्वास्थ्यलाई एउटा यस्तो अवस्थाको रूपमा परिभाषित गरिएको छ जसमा व्यक्ति कुनै शारीरिक दुरावस्था, रोग र कष्टबाट मुक्त हुन्छ र उसको शरीर, मन र आत्मा पनि स्वच्छ र स्वस्थ हुन्छ। स्वस्थ जनशक्ति सामाजिक विकासको एउटा महत्त्वपूर्ण अङ्ग हो। पर्याप्त सामाजिक विकासको अभावमा स्वस्थ मानिसहरूको पनि अभाव हुन्छ। त्यसैले मानिसहरूको स्वास्थ्य स्थितिमा सुधार गर्न सामाजिक विकासमा जोड दिनुपर्ने हुन्छ। मानव सभ्यताको विकासको प्रक्रियालाई हेर्ने हो भने स्वास्थ्यलगायतका अन्य मानवीय विकाससँग सम्बन्धीत विषयहरूकको क्रमिक विकास भएको पाइन्छ। स्वास्थ्यसम्बन्धी विषयमा विगत केही समय अगाडिदेखि वा सामाजिक परिवर्तनको क्रमिक विकासअनुसार केही शताब्दीदेखि स्वास्थ्यलाई मौलिक मानव अधिकारको रूपमा लिन थालिएको पाइन्छ। यति मात्र होइन स्वास्थ्यलाई मानव विकासका जन्मदेखि मृत्युसम्म सबैभन्दा बढी महत्त्वपूर्ण अवयवको रूपमा लिन थालिएको छ। अझै भन्ने हो भने स्वास्थ्यलाई केवल शारीरिक वा मानिसिक अशक्तता मात्र नभनेर समग्ररूपमा एउटा सामाजिक दृष्टिकोणको आधारणाबाट पनि हेर्न र बुझ्न थालिएको छ। स्वास्थ्य सम्बन्धी विषयलाई लिएर विश्व स्वास्थ्य संगठनले दिएको परिभाषाले स्वास्थ्यको दायरालाई झनै फराकिलो पारेको छ, किनभने विश्व स्वास्थ्य संगठनले स्वास्थ्यलाई शारीरिक क्षेत्रमा मात्र सिमित नराखि मानसिक र सामाजिक पक्षहरूमा समेत ध्यान दिएको पाइन्छ तसर्थ मानिस स्वास्थ्य हुनका लागि शारीरिक, मानसिक र सामाजिक तीनवटै पक्ष स्वस्थ हुनुपर्छ। यी तीनमध्ये एउटा पक्ष मात्रै अस्वस्थ भयो भने यसले अर्कोलाई असर पार्छ। त्यसैले त्यसलाई कुशल स्वस्थ्य अवस्था भन्न सकिदैन।

संविधानले प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा

समान पहुँच प्राप्त हुने विषयलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिवृद्धि गर्ने एवं गुणस्तरीय, सहज, सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जीवन प्रत्याभूत गरी दिगो विकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संविधानबाटै निर्देशित छ। विगत तथा चालू योजनाहरूमा सञ्चालित स्वास्थ्य सेवाका विभिन्न कार्यक्रमहरूको फलस्वरूप शिशु मृत्युदर (प्रतिहजार जीवित जन्ममा) र नवजात शिशु मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) घटेर क्रमशः ३३ र २३ मा पुगेको छ। पाँच वर्षमुनिको बाल मृत्यु दर (प्रतिहजार जीवित जन्ममा) ३८ तथा मातृ मृत्यु दर (प्रतिलाख जीवित जन्ममा) मा कमी आई १५८ मा झरेको छ। यसैगरी परिवार नियोजनको साधन प्रयोग दर ४९ दशमलव ६ प्रतिशत रहेको छ भने कुल प्रजनन दर (१५–४९ वर्ष उमेर समूहका प्रतिमहिलाले जन्म लिएका बच्चाको औसत सङ्ख्या) दुई दशमलव पाँच रहेको छ। तौल नपुगेका बच्चाको प्रतिशत घटेर २८ दशमलव आठ पुगेको छ। क्षयरोगको सफल उपचार ९० प्रतिशत र आयोडिनयुक्त नुन उपयोग गर्ने घरधुरी ८१ दशमलव एक प्रतिशत पुगेको छ। स्वास्थ्य सम्बन्धी संवैधानिक व्यवस्था एवं दिगो विकासका लक्ष्य हासिल गर्न योगदान गर्ने सोंचका साथ स्वास्थ्य क्षेत्रको प्रवर्द्धन गर्न आवश्यक भएको छ। संविधानले व्यवस्था गरेको सङ्घीय स्वरूप, भौगोलिक एवं जनसङ्ख्याको अनुपात अनुरूप स्वास्थ्य संस्थाहरूको न्यायोचित वितरण गर्नु, निःशुल्क वितरण गरिने औषधि आवश्यकताका आधारमा उपलब्ध गराउनुका साथै त्यसको गुणस्तर सुनिश्चित गर्नु, स्वास्थ्य सेवा प्रवाहको नियमित नियमन र अनुगमन गर्नु, सबैको लागि स्वास्थ्य बीमा लागू गर्नु, बैदेशिक सहयोगको परिचालन तथा उपयोगलाई प्रभावकारी बनाउन समन्वय कायम गर्नु, भूकम्पबाट क्षतिग्रस्त स्वास्थ्य संरचनाहरूको पुनर्निर्माण गर्ने कार्यलाई तीव्रता दिई चाँडोभन्दा चाँडो स्वास्थ्य सेवालाई जनस्तरसम्म पुर्याउनु स्वास्थ्य क्षेत्रका प्रमुख चुनौतीहरू हुन्। हाल संस्थाहरूको देशव्यापी सञ्जाल तयार हुनु, दक्ष स्वास्थ्यकर्मी तथा अत्याधुनिक प्रविधि र उपकरणहरूको उपलब्धता, सर्वसाधारणहरूको स्वास्थ्य सेवा र पोषणको महत्त्वबारे बढ्दो जागरण र प्रभावकारी स्वास्थ्य सेवा प्रवाहका लागि गरिएको विभिन्न नीतिगत व्यवस्थाका कारण सहश्राब्दी विकास लक्ष्यमा सन्तोषजनक प्रगति, राष्ट्रिय स्वास्थ्य नीति, २०७१, सहरी स्वास्थ्य नीति, २०७२, तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२–२०७७)को तर्जुमालगायत विगतका उपलब्धिहरूलाई संस्थागत गर्दै स्वास्थ्य सेवाहरूलाई थप व्यवस्थित र गुणस्तरयुक्त बनाउने अवसर प्राप्त भएको छ।

विगत एक दशकमा नेपालमा महिला र बालबालिकाको पोषणको अवस्थामा उल्लेखनीय सुधार भएको छ। नेपाल जनसांख्यिकीय तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार ५ वर्ष मुनिका बालबालिकामा पुड्कोपनको दर सन् २०११को तुलनामा सन् २०२२ मा ४१ प्रतिशतबाट २५ प्रतिशतमा घटेको छ। सोही अवधिमा ख्याउटेपनको दर ११ प्रतिशतबाट ८ प्रतिशतमा घटेको छ भने कम तौलको दर २९ प्रतिशतबाट १९ प्रतिशतमा घटेको छ। पाँच वर्ष मुनिका बालबालिकामा अधिक तौल र मोटोपनको दर भने १ प्रतिशत हाराहारी स्थिर रहेको छ। नेपाल जनसाङख्यिय तथा स्वास्थ्य सर्वेक्षण, २०२२ का अनुसार ६ देखि ५९ महिना उमेर समूहका बालबालिका र प्रजनन उमेर समूहका महिलामा भएको रक्तअल्पताको दर क्रमशः ४३ र ३४ प्रतिशतमा झरेको छ जुन सन् २०११को प्रतिवेदन अनुसार त्रमशः ४६ र ३५ प्रतिशत रहेको थियो। यस अवधिमा मातृ तथा शिशु स्वास्थ्य सेवाको उपभोग तथा आधारभूत खानेपानी र सरसफाइ

सुविधाको पहचमा बद्धि भएको देखिएको छ । साथै कुल विद्यालय भर्ना दर आधारभुत शिक्षा पुरा गर्ने बालबालिकाहरूको दरमा समेत उल्लेख्य बृद्धि भएको छ ।

विश्वब्यपिरुपमा पाँच वर्ष मुनिका वालबालिकाको मृत्युको विभिन्न कारणहरू मध्ये ४५ प्रतिशत मृत्युको कारण प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुपोषण रहेको छ । कुपोषणबाट प्रभावित बालबालिकामा बौद्धिक तथा संवेगात्मक विकासमा नकारात्मक असर परेको देखिन्छ । नेपालमा प्रतिहजार जिवित जन्ममा नवजात शिशको मृत्युदर सन २०१६ देखि २०२१को अवधिमा २१ मा स्थिर रहेको छ । जस्को प्रमुख कारणहरू मध्येको एक कारण कुपोषण रहेको छ ।

नेपालको आर्थिक, सामाजिक र मानवपुँजी विकासको अवरोधको रुपमा रहेको कुपोषणको न्यूनीकरणको लागि निरन्तर प्रयास गर्दै आइरहेको छ । सन १९८०को दशकमा संयूक्त पोषण सहयोग कार्यक्रम कार्यान्वयन गरी बहुक्षेत्रीय अभ्यास प्रारम्भ गरिएको थियो । वि.सं. २०६१ (सन २००४) मा राष्ट्रिय पोषण नीति तथा रणनीति र योजना तर्जुमा गरी कार्यान्वयन गर्ने थप प्रयास गरियो । नेपाल सरकारले कुपोषणको बहुआयामिक एवं जटिल प्रकृतिलाई ध्यानमा राख्दै तिन दशकको नीतिगत प्रयास र अनूभवको आधारमा बि.सं.२०६९ मा राष्ट्रिय योजना आयोगको नेतृत्व र विषयगत मन्त्रालय तथा विकास साझेदार, अन्य सरोकारवाला लगायत नागरिक समाज संगको सहकार्यमा बहुक्षेत्रीय योजना तयार पारि नेपाल सरकारले कार्यान्वयन गरिरहेको छ ।




नेपालको संविधानले स्वास्थ्य र खाद्य सुरक्षा सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । दिर्घकालिन सोंच सहितको पन्ध्रौ योजनाले गुणस्तरीय मानब पुँजी निर्माणलाई समृद्धिको सूचक रुपान्तरणका प्रमुख संवाहकको रुपमा लिएको र योजनाले लिएका लक्ष्य प्राप्ति गर्न सहयोग पुग्ने गरी बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन गर्ने रणनीति नेपाल सरकारले लिएको छ र नेपालको दिगो विकास लक्ष मार्गचित्रले पनि पोषणलाई विकासको मुख्य आयामको रुपमा समाबेश गरेको छ ।

श्रोतः नेपाल जनसाख्यिक स्वास्थ्य सर्बेक्षण प्रतिबेदन, २०२२

विभिन्न क्षेत्रबाट भएको बहुक्षेत्रीय प्रयासबाट नेपालमा पोषणको अवस्थामा उल्लेखनीय सुधार भएको छ । नेपालले मातृशिशु तथा बालपोषणको विश्व स्वास्थ्य सभाको ६ वटा लक्ष्यहरूमध्ये ५ वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपन ४० प्रतिशतले घटाउने लक्ष्य हाँसिल गरिसकेको छ भने दिगो विकास लक्ष्य प्राप्ति तर्फ उन्मुख रहेको छ । पाँच वर्ष मुनिका बालबालिकाहरूमा पुड्कोपनको दर सन २००१को तुलनामा सन २०२२ मा ५७ प्रतिशतबाट २५ प्रतिशतमा घटेको छ । सोहि अवधिमा ५ वर्ष मुनिका बालबालिकाहरूमा ख्याउटेपन र कम तौलको अवस्थामा उल्लेखनीय सुधार भएको छ । यस अवधिमा ख्याउटेपनको दर ११ प्रतिशतबाट ८ प्रतिशतमा घटेको छ भने कम तौलको दर ४३ प्रतिशतवाट १९ प्रतिशतमा घटेको छ । त्यसै गरी ५ वर्ष मुनिका बालबालिकाहरूको बालमृत्युदर प्रतिहजार जिवित जन्ममा ९१ बाट ३३ मा घटेको छ । ६ देखि ५९ महिना उमेर समूहका बालबालिका र प्रजनन उमेरका महिलामा हुने रक्तअल्पताको दर क्रमशः ५३ प्रतिशत र ४१ प्रतिशतबाट घटेर ४३ प्रतिशत र ३५ प्रतिशत भएको छ ।

आधार वर्ष सन २०११ र सन २०२२को बीचमा नेपालले विश्व स्वास्थ्य सभा २०२५को लक्ष्य र दिगो विकास लक्ष्य २०३०को विश्वब्यापी पोषण सम्बन्धी लक्ष्यमा मिश्रित नतिजा प्राप्त गरेको छ । नेपाल पुड्कोपनको लक्ष्य पुरा गर्ने दिसामा अग्रसर भए तापनि अझैं पाँच वर्ष मुनिका २५ प्रतिशत बालबालिकामा पुड्केपन रहेको छ जुन एसिया क्षेत्रको औषत (२१.८%) भन्दा बढी हो । ख्याउटेपनको लक्ष्य हासिल गर्ने दिसामा प्रगति देखिए पनि अझैं पाँच वर्ष मुनिका ८ प्रतिशत बालबालिकामा ख्याउटेपन कायमै रहेको छ जुन एसिया क्षेत्रको औषत (८.९%) भन्दा कम तर विश्व औषत(६.७%) भन्दा बढी हो । विश्वब्यापी तथा राष्ट्रिय लक्ष्य र नेपालमा पोषणको अवस्था तलको तालिकामा देखाईएको छ ।

| सूचकहरू | विश्व स्वास्थ्य सभा (WHA) २०२५को लक्ष | दिगो विकास लक्ष २०३०को लक्ष | ने.ज.स्वा.स. (NDHS) २०११ | ने.ब.सू.स. (NMICS) २०१४ | ने.ज.स्वा.स. (NDHS) २०१६ | ने.ब.सू.स. (NMICS) २०१९ | ने.ज.स्वा.स. (NDHS) २०२२ |
|---|---|---|---|---|---|---|---|
| पाँच वर्ष मुनिका बालबालिकामा हुने पुड्कोपनको दर | २४.२ | १५ | ४०.१ | ३७.४ | ३५.८ | ३१.५ | २४.८ |
| पाँच वर्ष मुनिका बालबालिकामा हुने ख्याउटेपनको दर | <५ | ४ | १०.९ | ११.३ | ९.७ | १२ | ७.७ |
| कम तौलको बच्चा जन्मिने दर | ८.५ | <१.४ | २८.८ | २४.२ | १२.२ | - | ११.५ |
| पाँच वर्ष मुनिका बालबालिकामा हुने अधिकतौल\मैटोपनाको दर | १ | <१ | - | २.१ | २.१ | २.६ | १ |
| प्रजनन उमेरका महिलामा हुने तौल \ मेटोपनाको दर | १५ | <१२ | १३.५ | - | २२.२ | - | - |
| ६ देखि ५९ महिना उमेर समूहका बालबालिकामा हुने रक्तअल्पताको दर | २० | १० | ४६.२ | - | ५२.७ | - | ४३.४ |
| किशोरि(१५-१९ वर्ष)हरूमा हुने रक्तअल्पताको दर | २५ | <२५ | - | - | ३९ | - | - |
| प्रजनन उमेरका महिला(१५-४९ वर्ष)हरूमा हुने रक्तअल्पताको दर | १८ | <१० | ३५ | - | ४०.८ | - | ३४ |

श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

नेपालको संविधानको स्वास्थ्य(धारा ३५), खाद्य(धारा ३६) तथा स्वच्छ वातावरण (धारा ३०) सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ। विशेष गरी पोषण प्रवर्द्धन गर्न देहायका नीति, रणनीति, योजना तथा कार्ययोजनालाई आत्मसाथ गरेको छ।

क) **राष्ट्रिय स्वास्थ्य नीति २०७६:** पोषण सम्बन्धी नीति तथा खाद्य सुरक्षा लगायतका कार्यक्रमहरू अद्यावधिक गर्दै कार्यान्वयनमा ल्याउने कार्यलाई उच्च प्राथमिकता दिएको छ।

ख) **राष्ट्रिय जलवायू परिवर्तन नीति २०७६:** खाद्य सुरक्षा, पोषण र जिविकोपार्जनमा सुधारका लागि जलवायूमैत्री कृषि प्रणालीको प्रवर्द्धन तथा अनुकुलनका कार्यक्रम कार्यान्वयनमा यस नीतिले सहयोग गरेको छ।

ग) **राष्ट्रिय शिक्षा नीति २०७६:** बालबालिकाको अध्ययनको निरन्तरताका लागि दिवा खाजाको अवस्था, विद्यालयमा नियमित स्वास्थ्य,पोषण,सरसफाई सचेतनाका कार्यक्रमहरू, तालिम, अभिमुखिकरण र क्षमता विकास जस्ता क्रियाकलापहरू कार्यान्वयनमा यस नीतिले सहयोग गरेको छ।

घ) **राष्ट्रिय पोषण रणनीति, २०७७:** सबै प्रकारका कुपोषणलाई सम्बोधन गर्न स्वास्थ्य क्षेत्र मार्फत पोषण विशेष र पोषण संवेदनशील सेवामा पहुँच बढाई नवजात शिशु, बालबालिका, महिला तथा किशोर किशोरीमा हुने सबै प्रकारका कुपोषणलाई उल्लेखनीय रूपमा घटाएर पोषण अवस्थामा सुधार ल्याउने लक्ष्य लिएको छ।

ङ) **नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०७२-२०७७):** पोषणलाई बहुक्षेत्रीय सरोकारको विषयको रूपमा पहिचान गरी सोही अनुरूप पोषण सुधारको लागि रणानीति तथा कार्यनीति तर्जुमा गरी कार्यान्वयन गर्न मार्गनिर्दिष्ट गरेको छ। यस रणनीतिले स्वस्थ जीवनशैलीसम्बन्धी आधारभूत शीप तथा व्यवहारको विकासको सुरुवात बालबलिकाबाट गर्ने, स्वास्थ्यय सेवाप्रदायक संस्थालाई स्वस्थ जीवनशैली सिकाई केन्द्रमा रूपान्तरण गर्ने, कुपोषण नियन्त्रण गर्ने तथा स्वास्थ्यबर्द्धक खानाको प्रवर्द्धन गर्ने रणनीति लिएको छ।

च) **नसर्ने रोगहरूको रोकथाम र नियन्त्रणका लागि बहु-क्षेत्रीय कार्ययोजना (२०२१-२०२५):** अस्वस्थकर खानपानले हुनसक्ने नसर्ने रोगको जोखिम कम गर्न स्वस्थ आहारको सेवनलाई प्रवर्द्धन गर्ने, स्थानीयस्तरमा उपलब्ध खाद्य पदार्थको उत्पादनलाई जोड दिने, नुनको सेवन नियमन गर्ने र आमाको दुधलाई प्रतिस्थापन हुन नदिन नियमन गर्ने सम्बन्धी कार्यलाई कार्ययोजनामा समावेश गरेको छ।

छ) **भोकमरीको अन्त्य गर्ने चुनौती सम्बन्धी राष्ट्रिय कार्ययोजना (२०१६-२०२५):** बहुक्षेत्रीय पोषण योजनासँग सामन्जस्यता कायम गर्दै गर्भवती तथा सुत्केरी आमा र दुई वर्ष मुनिका बालबालिकाको पौष्टिक खानामा सर्बव्यापी पहुँच वृद्धिमा जोड दिएको छ।

ज) **विद्यालय क्षेत्र विकास योजना बि.सं. २०७३/०७४-२०७९/०८०:** विद्यार्थी र समुदायको पोषण र स्वास्थ्यसम्बन्धी ज्ञान अभिवृद्धिको लिग कार्यक्रम तय गरेको छ।

झ) **खानेपानी, सरसफाइ र स्वच्छता क्षेत्र विकास योजना(२०१६-२०३०):** खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलापमा बहुक्षेत्रीय अभ्यासलाई आत्मसाथ गरेको छ। पोषणको अवस्था सुधारको लागि सुरक्षित पिउने पानीको पहुँच र उपभोग, सरसफाइ र स्वच्छता सम्बन्धी गतिविधहरूलाई जोड दिएको छ।

## २) स्थानीय तहको संक्षिप्त विवरण

### २.१) परिचयः

अमरगढी नगरपालिका नेपालको पुरानो प्रशासनिक विभाजनअनुसार सुदूर–पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत डडेल्धुरा जिल्लामा र हाल सुदूरपश्चिम प्रदेशमा पर्दछ। वि.सं २०५३ साल माघ ११ गते देशभरका नयाँ घोषणा भएका १५ नगरपालिकाहरूसँगै घोषणा भएको नगरपालिकामध्ये अमरगढी नगरपालिका पनि एक हो। यस नगरपालिकामा साविकका डोटीघटाल, सहश्रलिङ्ग, खलङ्गा, उग्रतारा र भूमिराज गा.वि.स.को समायोजन गरिएको छ। १३८.९५ वर्ग कि.मि. क्षेत्रफल रहेको यस अमरगढी नगरपालिकाको उत्तर पश्चिममा अजयमेरु, नवदुर्गा गाउँपालिका र बैतडी जिल्ला, पश्चिमतिर भागेश्वर गाउँपालिका, दक्षिणमा आलिताल गाउँपालिका र पूर्वमा गन्यापधुरा गाउँपालिकाहरू रहेका छन्। अमरगढी नगरपालिकाको अधिकतम औसत तापक्रम २९ डिग्री सेल्सियस र न्यूनतम औसत तापक्रम ०.३ डिग्री सेल्सियससम्म रहने गरेको छ। प्राकृतिक श्रोतको दृष्टिकोणले सम्भावनायुक्त, मानवीय श्रोतको दृष्टिकोणबाट नेतृत्व क्षमतायुक्त, राजनैतिक दल र सचेत एवं उत्प्रेरित नगरबासी यस नगरपालिकाको दीगो विकासका आधार स्तम्भका रूपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाति तथा धर्म सांस्कृतिका व्यक्तिहरूको बसोबास रहेको छ। नगरपालिकाको केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रूपमा रहेको नगरपालिकामा साना व्यापार, तथा साना र मझौला उद्योगहरू, प्राकृतिक श्रोत तथा सामाजिक महत्त्वका क्षेत्रहरू रहेका छन्। औसत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको वैकल्पिक श्रोतको रूपमा वैदेशिक रोजगारी पनि रहेको छ। परम्परागत प्रणालीको कृषि व्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक कृषि प्रणालीको विकल्पमा समेत लागिरहेका छन्। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ। अधिकांश घरमा विद्युतीकरण भएको भए तापनि केही सीमान्तकृत तथा भौगोलिक विकटता रहेका क्षेत्रमा भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिदैन। विभिन्न समुदाय, जातजातिका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरीन्छ। नयाँ बर्ष, कृष्णजन्माष्टमी, गौरा, तीज दशैँ, तिहार, ठूलो एकादशी, मकर संक्रान्ती, होली, महाशिवरात्रि, चैते दशै, रामनवमी, बुद्धजयन्ती आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाइन्छ।

डडेल्धुरा जिल्लाको सदरमुकाम समेत रहेको अमरगढी नगरपालिका समुद्र सतहदेखि १८६० मिटर (६२०० फिट)को उचाइमा रहेको छ। नेपाल एकीकरणमा हस्ती मानिने राष्ट्रिय विभूती अमरसिंह थापाले पश्चिम क्षेत्रमा वीरतापूर्वक लडाई गरी सफलता हासिल गरेका थिए। यसै सिलसिलामा थापाले डोटेली फौजलाई

पराजित गरेर डोटी राज्यलाई पनि विशाल नेपाल अधिराज्यमा गाभेपछि यस भू–भागको सुशासनलाई अझ थप सुदृढ र विस्तार गर्नको लागि अमरसिंह थापा यस क्षेत्रका प्रमुख प्रशासक भएर आएका थिए । उनले यसक्षेत्रको संरक्षण तथा महाकाली पारी काँगडासम्म पनि विजय अभियानलाई सफलता प्राप्त गर्नका लागि यस जिल्लाको सदरमुकाममा अमरगढी किल्लाको निर्माण गर्न लगाएका हुन् । यस किल्लालाई आधार मानी वरपरका क्षेत्रहरू पनि विजय हासिल गरेका हुन् भन्ने इतिहास छ । यस किल्लाको निर्माण विशाल बुट्टा कुँदिएका ढुङ्गाद्वारा कलात्मक तरिकाले गरिएको छ । शत्रुलाइ छल्ने तथा युद्धमा सफलता प्राप्त गर्नका लागि बाहिरबाट हेर्दा गोलो आकारमा र भित्रबाट तीनकुने आकारमा बनेको छ । किल्लाको बीच भागमा प्राचीन उग्रभैरव मन्दिर रहेकोले यस किल्लाको ऐतिहासिक, धार्मिक र सामाजिक महत्त्व रहेको छ । यसरी ऐतिहासिक र धार्मिक महत्त्व बोकेको अमरगढी किल्ला पर्यटकीय दृष्टिकोणले यस क्षेत्रकै विशिष्ट महत्त्व बोकेको क्षेत्र मानिन्छ । यसै किल्लाको नामबाट अमरगढी नगरपालिकाको नामाकरण गरिएको हो ।

परिवारले प्रयोग गरेको आफ्नो स्वामित्वमा रहेको घरको प्रयोगको आधारमा नगरपालिकाको तथ्याङ्कलाई हेर्दा ९१.४५ प्रतिशत परिवारहरूले आवासीय प्रयोजनको लागि मात्र घरको प्रयोग गरेको पाइयो । ७.७७ प्रतिशत घरहरू व्यवसाय र कार्यालय प्रयोजनको लागि मात्र र बाँकी ०.७८ प्रतिशत घरहरू आवासीय र व्यवसायिक वा कार्यालय दुबै प्रयोजनमा प्रयोग भएका छन् । आवासीय प्रयोजन बेगर अन्य प्रयोजनका लागि घर निर्माण गर्न परिवारको आर्थिक हैसीयत राम्रो हुनु पर्दछ भने अर्कोतर्फ व्यवसाय वा कार्यालय प्रयोजनको लागि आवश्यक घर वा भवनहरूको माग हुने शहरी क्षेत्र हुनुपर्दछ । यस हिसाबले हेर्दा अत्यधिक सङ्ख्या अर्थात् ९० प्रतिशतभन्दा बढी परिवारहरूले घरलाई आधारभूत आवासकोरूपमा मात्र प्रयोग गरेको र सीमित सङ्ख्यामा रहेका घरहरू मात्र प्रायजसो बजार केन्द्रमा व्यवसायिक र कार्यालय प्रयोजनको लागि प्रयोग भएको देखिन्छ । तसर्थ नगरपालिकाको अधिकांश भागहरू ग्रामीण परिवेशका र परिवारहरू आर्थिक हिसाबले निम्न वा निम्न मध्यम आर्थिक स्थितिका रहेको स्पष्ट हुन्छ ।

अमरगढी नगरपालिकाको विद्यमान भू–उपयोग हेर्दा नगरपालिकाको ६०.९३ प्रतिशत (८४.६६ वर्ग कि.मि.) वनले ओगटेको छ भने २६.६५ प्रतिशत (३७.०३ वर्ग कि.मि.) जग्गा खेतीयोग्य जमिनको रूपमा रहेको छ । त्यस्तै यस नगरपालिकामा चरन क्षेत्र १.६१ प्रतिशत (२.२४ वर्ग कि.मि.), झाडी तथा बुट्यान १०.२० प्रतिशत (१४.१८ बर्ग कि.मि.) बालुवा तथा गिटी ०.५६ प्रतिशत (०.७८ बर्ग कि.मि.) बाँझो जमिन ०.०४ प्रतिशत (०.०६ वर्ग कि.मि.) र पोखरी ताल ०.०००७२ प्रतिशत (०.००१ वर्ग कि.मि.) जमिन ओगटेको पाइन्छ । नगरपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा नगरपालिका बासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के–कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ, यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

## २.२) अमरगढी नगरपालिका अन्तरगत रहेका विभिन्न बस्तिहरूको विवरण

अमरगढी नगरपालिकामा क्रमश बस्तीहरूको विकास भई रहेको छ । नगरपालिकाको केन्द्र तिर बाटो, बजार तथा स–साना घरेलु उद्योग देखिए तापनि समग्रमा नगरपालिकाको सबै वडाहरूमा खानेपानी, विद्युत

र यातायातजस्ता सेवा तथा सुविधाहरू पुगिसकेको छैन । नगरपालिकामा विकासका धेरै आयामहरूमा अभ्यास गर्न बाँकी भएको देखिन्छ । अमरगढी नगरपालिकाको सबै वडाहरूमा सडक सञ्जालको राम्रो विकास भएको देखिदैन । सहज स्वास्थ्य सुविधा, सञ्चारजस्ता सुविधाहरूको पहुँच पुगेको देखिदैन । कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता, भएको हुँदा साना घरेलु उद्योगधन्दाको साथै जडिबुटी प्रशोधनसम्बन्धी उद्योग विकास र विस्तारको सम्भावना रहेको छ । अन्य क्षेत्रहरूमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित नगरपालिका योजना बनाएर बाटो, खानेपानी र अन्य सामाजिक र भौतिक पूर्वाधारको समयमै विकास गर्नुपर्ने देखिन्छ । नगरपालिका बासीहरूलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा कार्यालयहरू, सम्बन्धीत वडामै स्थापना गरी सेवा प्रवाह भई रहेका छन् । यसका अतिरिक्त अमरगढी नगरपालिकाले नगरपालिका विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू, सामुदायिक संस्थाहरू, टोल विकास संस्थाहरू, बुद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यवसायिक संस्थाहरू, सञ्चारकर्मीहरू तथा योजना तर्जुमा टोली आदिलाई समावेस गरी बढीभन्दा बढी छलफल गरी प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान, टोल टोलमा सार्वजनिक खानेपानी र खानेपानीको परियोजना तथा पूर्वाधार आदि विकास निर्माणका योजनाहरू तयार गर्नुपर्ने देखिन्छ । यस नगरपालिकामा रहेको मुख्य बस्तीसम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

| वडा नं. | मुख्य बस्ती/गाउँ/टोलको नाम |
|---|---|
| १ | डोला, मनाना, मालम, दूधखण्ड, भेटा, मौरडा, दूधकाँणे, वण्ड, तडिवाटा, कुण, डकलखेत, धमलेक |
| २ | मौरडा, कुस्माली, भेल, मतरगाउँ,जुगिना, कारिगाउँ, जोईसिना, आईत , काँडे, मुणुवा, सेरा, चौडेलीकोट, डवरवाटा, विरखम |
| ३ | काँडे, हटगाउ, चम्साल, साउदगाउँ, तल्लो पीड, पथरोडा, रोडङ्गा, ढोलपोखरा, चिरकिट्टे, रजोडा, कोटेउडा, मड, मरकट्टे, गुजर्लेक, लरडा, दूधपोखरा |
| ४ | भलिया, हरडी, सुनेडा, मल्लो खलंगा, तल्लो खलंगा |
| ५ | झुरकाली, सेलागाउँ, जिलोडा, वागबजार, सिलिङधारा, तुफानडाँडा, किर्तिपुर |
| ६ | दुमडा, छचोडा, भालुमारे, कोटकाँणे, तोली |
| ७ | पोखरा वजार, भाटसिरोला, रौतगाउँ सल्लागाउँ, भटगाउँ, जोशीगाउँ कैनीटोल, ऐरीगाउँ, ओखरमुनि, बन्दनागाउँ |
| ८ | लटाउली, खनमडा, टाँटर, खुल्लेक, वकन्डे, कीर्तिपुर, गैरालगाउँ |
| ९ | हतर्क, पनौली, ढकाउली, निदालगाउँ, साउदगाउँ, लट्सेरा, रोखलगाउँ, चमाल्लेक, ढाँटगाउँ |
| १० | राई, विजोडा, वुडाली, तल्लो वुडाली, भण्डारीगाउँ, भडार |
| ११ | लिटिरीगाउँ, फिन्नेकोट, पालीगाउँ, बरडा, रूपालीगाउँ, ढाँटगाउँ |

( श्रोतः अमरगढी नगरपालिकाको पाश्र्वचित्र २०७५)

## २.३) स्थानीय चाडपर्व, जात्रा तथा मेलाहरूको

यस अमरगढी नगरपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी मूलका मानिसहरू रहेका छन् भने बौद्ध, इस्लाम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाति र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा नयाँबर्ष (विशु), बडादशैं, तिहार, रामनवमी, महाशिवरात्रि, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, गौरा, विवाह पञ्चमी, होली, चैते दशैं, साउने–माघे संक्रान्ति, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कर्कट संक्रान्ति, बुद्धजयन्ती, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, असारे १५ आदि चाडपर्वहरू रहेका छन् । यस नगरपालिकामा मनाइने स्थानीय चाडपर्व, जात्रा तथा मेलासम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## २.४) वडागत परिवार सङ्ख्या तथा लिङ्गको आधारमा जनसङ्ख्याको विवरण

अमरगढी नगरपालिका एघार वटा वडाको कुल १३९.३३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस नगरपालिकामा ६,१८२ घर परिवारमा कुल २४,१४९ जनसङ्ख्या (श्रोतः राष्ट्रिय जनगणना २०७८) रहेको छ । तथ्याङ्कलाई हेर्दा लैङ्गिक अनुपात प्रति १०० जना महिलाहरूमा पुरुषको जनसङ्ख्या भने कम अर्थात् ९५.७१ देखिन्छ । यद्यपि यो अन्तर त्यति ठूलो भने होइन । अर्कोतर्फ प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १७३ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । अर्थात् नगरपालिकाको कुल क्षेत्रफलले कुल जनसङ्ख्यालाई भाग गर्दा प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १७३ जनसङ्ख्या पर्न आउँछ । परिवार सङ्ख्या, जनसङ्ख्या, जनघनत्व हिसाबले वडा नं. ५ सबैभन्दा ठूलो वडा भए तापनि क्षेत्रफलको हिसाबमा सबैभन्दा ठूलो वडाको रूपमा वडा नं. ३ रहेको छ । यसैगरी जनसङ्ख्या र परिवारका हिसाबले वडा नं. १० मा सबैभन्दा कम जनसङ्ख्या र परिवार देखिन्छ भने क्षेत्रफलको हिसाबले वडा नं. ११ सबैभन्दा सानो वडा रहेको छ जनघनत्वको हिसाबले वडा नं. ५ सबैभन्दा बढी जनघनत्व भएको वडा हुनुका पछाडि अन्य वडाहरूको तुलनामा वडा नं. ५ मा रहेका विभिन्न मानवीय सुविधाहरू जस्तैः यातायातको सुगमता, शिक्षा, स्वास्थ्य, रोजगार, आवास, सुरक्षा, व्यापार आदिको सघनता हो । तसर्थ योजना निर्माणमा जनघनत्व र त्यसलाई प्रत्यक्ष प्रभाव पार्ने तत्वहरूको अध्ययन गर्नु अर्थात् जनसङ्ख्या वितरणलाई सन्तुलनमा राख्न मानवीय सुविधाहरूलाई सन्तुलितरूपमा वितरण गर्ने विषयमा केन्द्रित हुनुपर्दछ । अर्कोतर्फ पुरुषको तुलनामा महिलाको जनसङ्ख्या बढी हुनु समेत जनसाङ्ख्यिक विश्लेषणको महत्त्वपूर्ण पाटो हो । सामान्यतया नेपाली सामाजिक संरचना र परम्परालाई हेर्दा पितृसत्तात्मक स्वरूपको समाजमा छोराको चाहना पूरा गर्ने मनोविज्ञानका कारण छोरीहरूको सङ्ख्या अप्रत्यक्ष ढङ्गले बढेको देखिन्छ । अर्कोतर्फ महिलाहरूको सङ्ख्या बढ्दा उनीहरूका विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्ने योजनाहरू राज्यद्वारा निर्माण हुनु आवश्यक देखिन्छ । साथै लैङ्गिक अनुपातमा रहेको अन्तर वृद्धि हुँदै जाँदा त्यसले सामाजिक स्वरूपमा नै लैङ्गिक हिसाबले परिवर्तित गरीदिन्छ । यसतर्फ समग्र समाजको ध्यान जानु आवश्यक छ । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रेक्षपण गरेको जनसंख्या**

| सि न | जम्मा जनसङ्ख्या | ० देखि २३ महिना उमेर समूह | ० देखि ५९ महिना उमेर समूह | प्रजनन उमेर समूहका महिलाहरू | अनुमानित जिवित जन्म संख्या | अनुमानित गर्भवती | किसोर किसोरीहरूको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | २८९० | ९५ | २२८ | ८४० | ४९ | ८० | ५५६ |
| २ | २०७६ | ७२ | १७५ | ६४७ | ३७ | ६० | ४२१ |
| ३ | १६६२ | ४७ | १११ | ४८१ | २४ | ३८ | ३३६ |
| ४ | १६९४ | ५३ | १२२ | ५२८ | २७ | ४३ | ३४९ |
| ५ | ६४८२ | २०१ | ४९४ | २०१४ | १०२ | १६९ | १२५० |
| ६ | १४७९ | ५६ | १२९ | ४१९ | २८ | ४५ | ३०४ |
| ७ | २१८४ | ८० | १९१ | ६२१ | ४१ | ६६ | ४४६ |
| ८ | १८५६ | ६६ | १६० | ५५१ | ३३ | ५४ | ३८७ |
| ९ | १२३५ | ४३ | १०१ | ३७५ | २२ | ३६ | २७९ |
| १० | १२३३ | ५४ | १२२ | ३५४ | २८ | ४५ | २५१ |
| ११ | १३५५ | ५६ | १३७ | ४३४ | २९ | ४७ | ३१४ |
| **जम्मा** | **२४१४७** | **८२२** | **१९६९** | **७२६५** | **४१९** | **६८३** | **४८९३** |

**श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

## ३) अमरगढी नगरपालिकाको आर्थिक अवस्था

नगरपालिकाको अर्थतन्त्र मुख्यतयाः व्यापार, व्यवसाय, नोकरी, कृषि, वन, कुखुरापालन, बाख्रापालन, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा भएको देखिन्छ । उपयुक्त हावापानी, माटोको बनोट भएको यस नगरपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको पहाडी क्षेत्र भएको हुँदा नगरपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा सम्लग्न रहेका छन् । नगरपालिकाको सबै वडाहरूमा क्रमिक रूपमा सडक सञ्जालको विस्तार भई रहेका कारण नगरपालिकाको पूर्वाधार विकासमा थप सहज भएको छ । कृषि, व्यापार, सेवामूलक व्यवसाय साथै यस नगरपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरू यहाँका आर्थिक क्रियाकलापहरू हुन् । यस नगरपालिकाको वैकल्पिक आर्थिक आधार वैदेशिक रोजगारसमेत रहेको देखिन्छ । प्राकृतिक सौन्दर्यको धनी, जैविक विविधता एवं सांस्कृतिक विविधताले भरिपूर्ण रहेका कारण नगरपालिका महत्त्वपूर्ण स्थानमा रहेको छ । विभिन्न किसिमका जातजातिको विभिन्न किसिमका संस्कृति,रहनसहन तथा चाडपर्वलगायत ऐतिहासिक धार्मिक, पौराणिक महत्त्वका स्थलहरू नगरपालिकाको प्रमुख पर्यटकीय आकर्षणको रूपमा रहेका छन् । यस नगरपालिकामा आधुनिक कृषि तथा पशुपालनलाई बढी जोड दिनुको साथै विभिन्न जडिबुटीहरू अमला, चुत्रो, सुगन्धवाल, सजीवन, दालचिनी, राजवृक्ष, हर्रो, बर्रो, कुरिलोजस्ता विभिन्न अमूल्य जडिबुटीहरूको सम्भावना भएको हुँदा प्राकृतिक स्रोत र उपलब्ध कच्चा पदार्थको उपयोग गरी साना उद्योगमा लगानी गरी पर्यटकीय क्षेत्रलाई व्यवस्थित बनाई पर्यटक भित्राउन सकेको खण्डमा नगरपालिकाको अर्थतन्त्र मजबुद हुने सुनिश्चित देखिन्छ ।

नगरपालिकामा सञ्चालनमा रहेका व्यवसायिक फर्म तथा कम्पनीहरूमध्ये बस्तुको विक्री गर्ने २८३ अर्थात् ६२.७५ प्रतिशत, सेवाको विक्री गर्ने ११३ अर्थात् २५.०६ प्रतिशत, बस्तुको उत्पादन गर्ने २८ अर्थात् ६.२१ प्रतिशत र अन्यमा २७ अर्थात् ५.९९ प्रतिशत रहेका छन् । तथ्याङ्कबाट के स्पष्ट हुन्छ भने व्यापारबाट मात्र आर्थिक समृद्धि सम्भव हुँदैन किनकी व्यापारमा विदेशमा उत्पादित वा देशका अन्य भागमा उत्पादित बस्तुहरूको किनबेच मात्र हुन्छ । नगरपालिकाको अर्थतन्त्रलाई सबल बनाउन नगरपालिकाभित्र नै उत्पादन हुने खालका बस्तुहरूको उत्पादन तथा त्यस्ता बस्तुहरूको निर्यातलाई विशेष जोड दिनुपर्दछ । त्यस्ता बस्तुहरूको उत्पादन स्थानीय श्रोत र साधनमा आधारित हुनुपर्दछ । तथ्याङ्कलाई हेर्दा यस प्रकारका बस्तु उत्पादन गर्ने उद्योगहरूको सङ्ख्या सबैभन्दा कम हुनुले नगरपालिकाको अर्थतन्त्र सबल हुने सम्भावना न्यून देखिन्छ तसर्थ यसतर्फ नगरपालिका र सम्बन्धीत सरोकारवालाहरूले ध्यान दिनु नितान्त जरुरी छ । ( श्रोतः अमरगढी नगरपालिकाको पाश्र्वचित्र २०७५)

## ४) अमरगढी नगरपालिकामा रोजगारिको अवस्था

अमरगढी नगरपालिकाले गरेको स्वास्थ्य तथा पोषण प्रोफाइल निर्माणका लागि गरेको आधारभुत सर्बेक्षणले अधिंकास मानिसहरू कृषि पेशामा संलग्न भएको देखिन्छ । प्राप्त तथ्यांक अनुसार रोजगारमा सक्रिय हुन सक्ने जनसंख्यामा हेर्दा ४३ प्रतिशत मानिहरू कृषि पेशामा, १८ प्रतिशत बैदेशिक रोजगार, ९ प्रतिशत सरकारी नौकरी, ९ प्रतिशत ब्यापार ब्यबसाय, ६ प्रतिशत निजि तथा गैरसरकारी , ४ प्रतिशत दैनिक ज्यालादारी क्षेत्रमा काम गरीरहेका छन भने ११ प्रतिशत बेरोरजगार रहेका छन । माथिको तथ्यांक हेर्दा ठुलो संख्या कृषि पेशामा भए पनि आफ्नै उत्पादनले वर्ष भरि खान पुग्ने जनसंख्या भने झन्डै ८ प्रतिशत मात्र रहेको छ । यस तथ्यांकले कृषि पेशामा सलग्न ब्यक्तीहरूको क्षमता विकास तथा अन्य प्रबिधिहरूको नगरपालिकाले केन्द्रित हुनुपर्ने देखिन्छ ।

बेरोजगारिका कारण नगरपालिकामा उत्पादनशील कार्यमा लागेको जनसङ्ख्यामाथि ठूलो आर्थिक दवाब पर्ने र बेरोजगारीका कारण उत्पन्न हुने थप सामाजिक, आर्थिक र मनोवैज्ञानिक असरहरू निकै सम्वेदनशील हुने गर्दछ । अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसङ्ख्या उच्च हुँदा नगरपालिकाको विकासमा दीर्घकालीन नकारात्मक प्रभाव पर्दछ । यसर्थ दीगो विकासको लागि रोजगारी सृजना, दक्ष जनशक्ति उत्पादन र सेवामुलक उद्योग व्यवसायको विकास गर्न दीर्घकालीन कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । दीर्घकालीन विकास र समृद्धिका हिसाबले विप्रेषणको लागि आफ्नो स्थान छोडेर बाहिरिने युवा जनसङ्ख्याको अनुपस्थितिले स्थानीय स्तरमा विकास असम्भव प्रायः हुन्छ । जल्दो बल्दो उमेरको उत्पादनशील जनशक्ति उर्जावान समयमा बाहिरिने र शिथिल हुँदा फर्किने वा पलायन हुने परिस्थिति सृजना हुँदा विकास निर्माण कार्य अपेक्षाकृत अगाडि बढ्न सक्दैन । अर्कोतर्फ ज्यालादारी कामबाट आम्दानी गर्ने परिवारको सङ्ख्यासमेत उच्च हुनुले निम्न आयस्तर भएका परिवारहरूको सङ्ख्या धेरै रहेको सङ्केत मिल्दछ । (श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण,अमरगढी, २०८०)

नगरपालिका स्थित वडा नं १ स्याउले, वडा नं. ४ खलगां, वडा नं. ५ बागबजार, वडा नं. ७ पोखरा लगायतका प्रमुख बजार केन्द्र रहेका छन् । यस्ता बजारहरूबाट विशेष गरी खुद्रा व्यापार हुने गरेको छ ।

यसैगरी थोक व्यापारसमेत हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराई जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा बिस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरेको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रिक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई आयात गरिएका घरेलु उपयोगका सामानहरूको समेत थोक र खुद्रा विक्री यस नगरपालिकाबाट हुने गरेको पाइन्छ। कृषि योग्य जमिनको उपलब्धता कृषि तथा वनजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्त्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले नगरपालिकामा कृषि तथा स्थानीय परम्परा र सीपमा आधारित उद्योगहरूको विकासको राम्रो सम्भावना रहेको छ। विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकासतर्फ लागिसकेका छैनन्। तथापि, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने सञ्चालित छन्।

## ५) अमरगढी नगरपालिकाको पोषणको अवस्था

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यक्त गरेका बिभिन्न समझदारी तथा प्रतिबद्धताहरू कार्यान्वयन गर्ने सन्दर्भमा बालबालिका, महिला तथा किशोरीहरूको पोषणको अबस्था सुधारको लागि गरेका सबै प्रतिबद्धताका साथै दिगो बिकास लक्ष्य र बिश्व स्वास्थ्य सभाले तोकेका स्वास्थ्य तथा पोषण सम्बन्धी लक्ष्य तथा सूचकहरू पुरा गर्न राज्य र राज्यका सबै निकाय र तहको दायित्व तथा जिम्मेवारी रहेको छ। अन्तर्राष्ट्रिय रुपमा नै कुपोषणको समस्या निराकरण गर्ने कार्यलाई सामाजिक, आर्थिक तथा मानवीय विकासका साथै दिगो विकास लक्ष्य प्राप्त गर्ने आधारको रुपमा लिईएको छ। कुपोषणबाट सृजना हुने समस्याहरू गम्भीर, दुरगामी तथा अपुरणीय किसिमको हुने कुरा बिभिन्न अध्ययनले प्रष्ट पारेको छ। हामी सबैको प्रयत्नबाट मात्रै महिला, बालबालिका र किशोरीहरूमा हुने कुपोषणलाई उल्लेख्य रुपमा घटाउन सम्भव छ भन्ने कुरालाई मनन गर्दै नगरपालिकाले बहुपक्षिय प्रयत्न, अभियान र कार्यक्रम सन्चालन गरी रहेको छ। पोषणको क्षेत्रमा भएका उपलब्धीहरूलाई दिगो बनाई थप प्रगति हासिल गर्न प्रयाप्त स्रोत साधनको व्यबस्था सहित सम्बद्ध सबै तह, बिषयगत शाखा र बिभिन्न क्षेत्रहरूबाट थप प्रतिबद्धता सहित सहयोग, सहजिकरण र समन्वय आबश्यक छ। दिगो विकास लक्ष, नेपाल सरकारका राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतिबद्धताको पूर्णतामा योगदान दिन स्वास्थ्य र पोषण सुधारको अभियानलाई ब्यबस्थित र क्रमबद्ध रुपमा अगाढी बढाउने दिर्घकालिन सोच राख्दै, मिति २०७६ माघ २८ मा पालिकाको समग्र पोषण स्थिति सुधारका लागि नगरपालिकाले गरको २० बुँदे प्रतिबद्धता समेत जारि गरेको छ र एकीकृत स्वास्थ्य तथा पोषण सम्बन्धी प्रतिवद्धताको मुल मन्त्र "पोषिलो खाना, शुद्ध पानी, साबुन पानीले हात धुने, चर्पी प्रयोग र फोहर ब्यबस्थापनको अपरिहार्यता, अमरगढी नगरपालिकाले गरेको छ सबै नागरिकलाई अनिबार्यता" रहने कुरा समेत उल्लेख गरेको छ।

अमरगढी नगरपालिकाले पोषणमैत्री स्थानीय तह घोषणाका लागि आफ्नै कार्यविधि पनि निर्माण गरेको छ र संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयले पनि यो सम्बन्धका निर्देशिका जारि गरे अनुसार पोषणमैत्री वातावरण निर्माणका लागि विभिन्न क्रियाकलाप तथा अभियानहरू संचालन गर्दै आएको छ। संचालन गरेका अभियानको महत्त्वपूर्ण उपलब्धिको रुपमा अमरगढी नगरपालिकाले वडा नं. १० लाई संघीय मामिला तथा सामान्य प्रसासन मन्त्रालयको निदेर्शिका अनुसार नेपालकै पहिलो पोषणमैत्री वडा घोषणा गरेको छ।

पोषणमैत्री अभियानलाई तिब्रताको रुपमा संचालन गर्दै आएको छ र आगामि दिनमा अन्य वडालाई पनि पोषणमैत्री निर्माण गर्दै लैजाने नगरपालिकाको योजना रहेको छ। पोषणमैत्री अभियानलाई थप प्रभावकारी बनाउन र प्रमाणमा आधारित योजना गर्न का लागि स्थास्थ्य र पोषणको अवस्था पत्ता लगाउन घरधुरी स्तरमा सर्बेक्षण समेत गरेर यो पोषण प्रोफाइल तयार पारेको छ र यस पालिकाका स्वास्थ्य तथा पोषणको अवस्थालाई क्षेत्रगत तथा वडागत रुपमा यहाँ प्रस्तुत गरिएको छ।

## ५.१) क्षेत्रः स्वास्थ्य

### क) पोषण अवस्था सुधारका लागि स्वास्थ्य क्षेत्रको भुमिका

राष्ट्रिय पोषण रणनीति स्वास्थ्य क्षेत्रको पोषण सम्बन्धी कार्यक्रमलाई निर्देशित गर्ने प्रमुख नीतिगत दस्ताबेज हो। सुक्ष्म पोषण तत्वहरूको बितरण, मातृ शिशु, स्वास्थ्य तथा बाल्यकालिन आहार, स्याहार, कडा तथा मध्यम शिघ्र कुपोषणको उपचार/ब्यबस्थापन, नबजात शिशु तथा बालरोगको एकीकृत ब्यबस्थापन जस्ता पोषण लक्षित कार्यक्रमहरू संचालन गरी कुपोषण न्यूनिकरण गर्न स्वास्थ्य क्षेत्रको महत्त्वपूर्ण भुमिका हुन्छ। अमरगढी नगरपालिकाले स्थास्थ्य तथा पोषण अवस्था सुधारका लागि विभिन्न पोषण विशेष क्रियाकलापहरू स्वास्थ्य शाखा मार्फत संचालन गर्दै आएको छ। जस अन्तरगत आवधिक रुपमा ५ वर्ष मुनिका बालबालिकाहरूको पोषण लेखाजोखा गर्ने, महिला सामुदायिक स्वयम सेविकाहरूको क्षमता विकास, परिचालन गर्दै आमा समूहको प्रभावकारिता बृद्धि गर्ने, २ वर्ष मुनिका बालबालिकाहरूको बृद्धि अनुगमन प्रवर्द्धन कार्यक्रमलाई थप प्रभावकारी बनाउन बच्चालाई तौल्न ल्याउने आमालाई प्रत्येक महिना अण्डा र साबुन बितरण जस्ता अभियानहरू संचालन गर्दै आएको छ। कडा शिघ्र कुपोषण भएका बालबालिकाहरूको उपचार सहजकर्ताका लागि सबै वडामा भएका स्वास्थ्य संस्थाहरूलाई ओ.टि.सि.को रुपमा विकास गरेको छ।

मध्यम शिघ्र कुपोषण भएका बालबालिकाहरूको पोषण स्थिति थप बिग्रन नदिन नियमित परामर्श र सर्बोत्तम पिठो बितरण जस्ता क्रियाकलपाहरू संचालन गर्दे आएको छ। नगरपालिकाको वडा नं. १० मा स्थित स्वास्थ्य चौकिलाई पोषणमैत्री स्वास्थ्य संस्था घोषणा गरी सकिएको छ भने अन्य सबै स्वास्थ्य संस्थालाई पनि घोषणा गर्दै लगिने योजना रहेको छ। मातृ शिशु बाल्यकालिन पोषण सम्बधि ब्यबहार सुधार तथा खानपान सम्बन्धी ब्यबहार सुधारका लागि प्रत्येक वडाका स्वास्थ्य संस्थाहरूमा पोषण कर्नर स्थापना गरिएको छ र परामर्श कार्यलाई प्रभावकारी बनाउदै लगिएको छ। पोषणमैत्री वातावरण निर्माण गर्न स्वास्थ्य क्षेत्रको महत्त्वपूर्ण योगदान रहन्छ किनभने समुदायमा रहेका शिघ्र कुपोषण भएका बच्चाहरू पत्ता लगाउन र उपचार गर्न कडा किसिमको कुपोषण हुन नदिन दिईने सम्पूर्ण स्वास्थ्य सेवा प्रदान गर्न पनि स्वास्थ्य संस्थाहरूले महत्त्वपूर्ण भुमिका खेल्नुपर्ने हुन्छ।

## ख) वडा अनुसार स्वास्थ्य संस्था र लाभान्वित घरधुरि र जनसंख्या

| क्र.स | स्वास्थ्य संस्थाको नाम | स्वास्थ्य संस्थाको प्रकार | संस्था रहेको स्थान | वडा कभरेज | घरघुरी कभरेज | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|---|
| १ | आ.स्वा.के. स्याउले | सरकारी | स्याउले | १ | ५३३ | २७६८ |
| २. | आ.स्वा.के. बिरखम | सरकारी | बिरखम | २ | ३३५ | २१६२ |
| ३. | घटाल स्वा.चौकी | सरकारी | घटाल | ३ | २३८ | २०१४ |
| ४. | आ.स्वा.के.भलिया | सरकारी | सुनेडा | ४ | २९५ | १६७६ |
| ५. | डडेल्धुरा अस्पताल | सरकारी | तुफानडाडा | १-११ | ३८५७ | २४९३७ |
| ६. | चिरन्जीवी पोलिक्लिनिक | निजि | बगरकोट रोड | १-११ | ३८५७ | २४९३७ |
| ७. | आ.स्वा.के भजनेउटा | सरकारी | भाजन्पुर | ६ | २२४ | १७१० |
| ८. | उग्रतारा स्वा.चौकी | सरकारी | पोखरा | ७ | ४३१ | २६२५ |
| ९. | आ.स्वा.के. डकले | सरकारी | डकले | ८ | ३०४ | २४५१ |
| १०. | भूमिराज स्वा.चौकी | सरकारी | हतर्क | ९ | ३२९ | १६८९ |
| ११. | सहश्रलिË स्वा.चौकी | सरकारी | राइ | १० | २८९ | १३८५ |
| १२. | आ.स्वा.के, सल्लाघारी | सरकारी | सल्लाघारी | ११ | ३१५ | १६१९ |
| १३. | जिल्ला आयुर्वेदिक अस्पताल | सरकारी | किर्तिपुर | १-११ | ३८५७ | २४९३७ |
| १४ | शहरि स्वास्थ्य केन्द्र | सरकारि | तुफानडाँडा | ५ | ३५५७ | |

श्रोतः अमरगढी न पा स्वास्थ्य शाखा

## ग) स्वास्थ्य तथा पोषण सम्बन्धी सूचकहरूको ३ वर्षको तुलनात्मक अवस्था

एकीकृत स्वास्थ्य सुचना ब्यबस्थापन प्रणालि (DHIS) अनुसार आ.ब. २०७८/७९ देखि २०८०/८१ सम्म ३ वर्ष सम्मको स्वास्थ्य क्षेत्रका सूचकहरूको बर्तमान स्थिति तपशिल अनुसरा रहेको छ ।

**प्रोटोकल अनुसार चार पटक सुत्केरी जाँच पाउने आमाहरूको प्रतिशत**




माथिको ग्राफमा सुत्केरी जाँच गर्ने महिलाको प्रतिशत गत आ.व. भन्दा घटेको छ । सबै सुत्केरी महिलालाई ४ पटक जाँच गर्नुपर्ने प्रावधान भएपनि जाँच गराउनेको संख्या लक्ष्य भन्दा कम देखिएको छ । आगामी आ.व.मा लक्ष्य अनुसार काम गर्ने योजना बनाईएको छ ।

**गर्भावस्थामा १८० आइरन खाने आमाहरूको प्रतिशत**




गर्भावस्थामा १८० आईरन चक्की खाने महिलाको प्रतिशत गत आ.व. भन्दा घटेतापनि यसलाई आगामी आ.व.मा शतप्रतिशत पुर्‍याउने लक्ष्य लिईएको छ।

**कमतौलका शिशुहरूको जन्म (<2.5 kg) प्रतिशत**




कम तौल भएका शिशु जन्मने प्रतिशत कम हुँदै जानु भनेको गर्भावस्थामा आमाको पोषण अवस्थामा सुधार भएको मान्न सकिन्छ। आगामी आ.व.मा यसलाई ५ प्रतिशत भन्दा तल झार्ने लक्ष्य राखिएको छ।

नबशिशु मृत्यूदर संख्यामा




गत आ.व. भन्दा यस आ.व.मा नवजात शिशुको मृत्यु एक जना बढि भएको छ । यसलाई घटाउँदै जाने लक्ष्य लिईएको छ ।

**क) संस्थागत सुत्केरी प्रतिशत**




अस्पतालको कारणले प्रसुति गराउँने शतप्रतिशत भएतापनि २ जना घरमै सुत्केरी भएका छन् । आगामि आ.व.मा यसलाई शुन्य बनाउने लक्ष्य लिईएको छ ।

**ख) संस्थागत सुत्केरी मध्ये २० वर्ष भन्दा कम उमेरमै बच्चा जन्माउने आमाहरूको प्रतिशत**




संस्थागत सुत्केरीमा २० वर्ष मुनिका सुत्केरीको संख्या बढ्दै जानु भनेको स्वास्थ्यका दृष्टिले राम्रो मानिदैन। यसलाई सबैको प्रयासबाट न्यूनिकरण गर्दै लैजाने लक्ष्य लिईएको छ।

**ग) प्रोटोकल अनुसार गर्भजाँच गर्ने आमाहरूको प्रतिशत**




माथिको तथ्याङ्क हेर्दा अमरगढी नगरपालिकामा मातृ तथा नवशिशु स्याहार अन्तर्गतका सबै सेवाहरूका अवस्था राम्रो छ। यो जिल्ला सदरमुकामको पालिका भएर पनि होला बाहिरबाट आउने जाने सेवाग्राहीको अवस्थामा उतारचढाप भई नै रहन्छ। आमा तथा बालबालिकालाई दिनु पर्ने सेवामा कुनै कसर बाँकी राखिएको छैन।

घ) **महिला स्वास्थ्य स्वयंसेविका क्लब, आमासमूह तथा संचालन भएका बैठकको अवस्था**

अमरगढी नगरपालिका अन्तरगत जम्मा ८० आमा समूहहरू रहेका छन । यि आमा समूहहरूको नेतृत्व समुदायकै सुनौला १००० दिनका आमाहरूले गरेका हुन्छन भने सदस्य सचिवको रुपमा महिला सामुदायिक स्वयमसेविकाहरूले खेलिरहेका हुन्छन । यि आमा समूहहरूको क्षमता विकास तथा परिचालन प्रत्येक वडामा रहेका स्वास्थ्य संस्था र स्वास्थ्य कर्मचारीहरूले गर्दछन । वडागत रुपमा आमासमूहहरूको संख्या निम्नानुसार रहेको छ ।

| वडा नं | महिला स्वास्थ्य स्वयेंविका संख्या | आमासमूहहरूको संख्या | बैठकमा उपस्थित हुने आमाहरूको संख्या (औषतमा) |
|---|---|---|---|
| १ | ८ | ८ | २४ |
| २ | ७ | ७ | १७ |
| ३ | ९ | ९ | १६ |
| ४ | ८ | ८ | १९ |
| ५ | ६ | ६ | १७ |
| ६ | ७ | ७ | १९ |
| ७ | १० | १० | १९ |
| ८ | ६ | ६ | १६ |
| ९ | ७ | ७ | २३ |
| १० | ६ | ६ | २९ |
| ११ | ६ | ६ | १८ |
| **जम्मा** | **८०** | **८०** | **१५७१** |

प्रत्येक गाउँमा रहेका आमा समूहहरूले प्रत्येक महिना बैठक संचालन गर्ने गर्दछन र स्वास्थ्य सचेतनाका विभिन्न विषयमा छलफल गर्ने र विभिन्न अभियानहरू संचालन गर्ने गर्दछन । समुदाय स्तरमा सचेतना अभिबृद्धि गर्ने र राष्ट्रिय अभियानहरू सफल पार्नमा महिला सामुदायिक स्वयमसेविकाहरू र आमासमूहहरूको भुमिका महत्त्वपूर्ण रहेको छ । यसरी रहेका आमा समूहहरूको बैठक संचालनको अवस्था शतप्रतिशत रहेको छ भने एक बैठकमा उपस्थित हुने आमाहरूको औषत संख्या २० जना रहेको छ भने नगरपालिका भरि प्रत्येक महिना १५७५ जना आमाहरू बैठकमा सहभागि हुने गर्दछन । वडागत रुपमा हेर्दा बैठकमा सहभागि हुने औषत आमासमूहको संख्या वडा नं १० मा सबैभन्दा राम्रो रहेको छ । पोषण प्रवर्द्धनमा पनि महिला सामुदायिक स्वयमसेविका र आमा समूहको अहम भुमिका रहेको छ । महिला सामुदायिक स्वयमसेविकाहरूले आफ्नो आमासमूह अन्तरगत रहेका बालबालिकाहरूका पोषणको अवस्था लेखाजोखा गरिएको संख्या निम्नानुसार रहेको छ ।




पालिकाले महिला स्वास्थ्य स्वयंसेविकाको क्षमता विकास गर्न र उनिहरूलाई सक्षम बनाउनका लागि २०७८मा स्वयंसेविका क्लब निर्माण गरी जिल्ला प्रशासन कार्यालय र समाजकल्याण परिषदमा दर्ता समेत गरेको छ । हाल स्वयंसेविका क्लब मार्फत सुनौला हजार दिनका आमाहरूलाई लक्षित गरेर आयआर्जन गर्ने उद्देश्यका साथ बहुक्षेत्रीय पोषण मार्फत हालसम्म १२ लाख अनुदान दिएको छ । सो रकम सबै वडाका सुनौलो हजार दिनका आमाहरूले आयआर्जनमा लगानी गरेका छन् । त्यसको सामान्य ब्याज मार्फतको रकमले क्लबलाई परिचालन गरिहेका छन् । स्वयंसेविका क्लबमा ८० जना स्वयंसेविका आवद्ध छन् भने १३ लाख ६० हजार पुँजी रकम लगानी भएको छ । एक जना स्वयंसेविकालाई आर्थिक हिसाब राखे बापतमा मासिक ५ हजार दिने गरिएको छ । यस कार्यले स्वयंसेविकाहरूमा उत्साह जागेको छ ।

आगमी बर्ष देखि महिला स्वास्थ्य स्वयंसेविकाले समुदायमा भएका स्वास्थ्य समस्याहरू र स्वास्थ्य प्रवर्द्धन अनुगमन गर्नकालागि फारामको विकास गरिएको छ । समुदायको अनुगमन गरी फाराम भरे बापतमा मासिक रू. ४०० थप दिने योजना बनाईएकोले समुदायको शुक्ष्म निगरानी गरी स्वास्थ्य अवस्थामा निकै सुधार हुने आशा गरिएको छ ।

*महिला स्वयंसेविका क्लबद्वारा सुनौलो हजार दिनका आमाहरूमा आयआर्जनका लागि लगाएको लगानी:*

| वडा न | रु २५००० का दरले लगानी लगाएका महिला | | जम्मा पुँजी रकम |
|---|---|---|---|
| | २०७९।८० | २०८०।८१ | |
| १ | ० | २ | १३ लाख ६० हजार |
| २ | २ | १६ | |
| ३ | ० | ० | |
| ४ | ४ | ० | |
| ५ | ६ | ६ | |
| ६ | ४ | ५ | |
| ७ | १० | ० | |
| ८ | ० | २ | |
| ९ | ० | १ | |
| १० | ८ | २ | |
| ११ | ४ | २ | |
| जम्मा | **३८** | **३६** | |

महिला स्वास्थ्य सेविकाक्लबले सहकार्य र समन्वयकाको कार्यलाई देहाय बमोजिमको चित्रबाट देखाईएको छ।




**ङ) १८० स्याचेट बालभिटा पाउने ६ देखि २३ महिनाका बालबालिकाहरूको प्रतिशत**




माथिको ग्राफमा हेर्दा बालभिटाको प्रयोग गर्ने ० देखि ५ बर्षका बालबालिकाहरूको संख्या बिगत बर्षको तुलनामा बढ्दै गएको देखिन्छ र पनि अपेक्षित मात्रामा जति पाउनु पर्ने हो त्यति पाएको देखिएन। आगामी आ व देखि यसलाई निकै प्रभावकारी बनाउनका लागि योजना निर्माण गरी कार्य गरिसकिएको छ।

### च) २६ हप्ता आइरन खाने १० देखि १९ वर्ष उमेर समूहका किसोरिहरूको प्रतिशत




माथि देखिएको तथ्याङ्कमा १० देखि १९ बर्षका किसोरीहरूले आईरन चक्की खानेको संख्या घटेको देखिन्छ। यस्ता अवस्थामा किसोरीहरूले आईरन चक्की नखानुको कारण पत्ता लगाई सबै किसोरीहरूलाई आईरनको पहुँचमा पुर्याउनु पर्ने देखिन्छ।

### छ) मध्यम र शिघ्र कुपोषणको अवस्था (बहिरंग उपचार केन्द्रमा भर्ना अवस्था)




माथिको तथ्याङ्कमा कडा सिघ्र कुपोषणको दुई बर्षको अवस्था स्थिर भए पनि मध्यम सिघ्र कुपोषणको प्रतिशत निकै बढेर गएको छ। समुदायमा कुपोषणको लागि खोजपड्ताल अभियान व्यापक हुँदा धेरै संख्यामा मध्यम सिघ्रकुपोषण देखिएको हो। मध्यम सिघ्र कुपोषण देखिएका बालबालिकाहरूलाई उपचारको दायरामा र पोषण प्रवर्द्धनमा ल्याई मध्यम कुपोषणबाट मुक्त गरिएको छ। यो कार्यक्रमलाई निरन्तरता दिनु पर्ने छ।

### ज) बृद्धि अनुगमन गरिएका ०-२३ महिना उमेरसमूहका बालबालिका मध्ये कम तौल प्रतिशत




बिगत ३ बर्षको अवस्था बिश्लेषण गर्दा सुनौलो हजार दिनका बालबालिकामा कम तौल ५ प्रतिशत भएका र सो संख्या गत बर्ष भन्दा बढेको देखिन्छ त्यसको कारण पनि बच्चाहरूको सोध खोज गरी कम तौल भएका बच्चाहरू पत्ता लगाईएका छन् । ति बालबालिकाहरूलाई आगामी बर्ष पनि खोजपड्ताल गरी तौलको विवरण चुस्त दुरुस्त राख्नु पर्ने देखिन्छ ।

### झ) पूर्ण स्तनपान गराउने आमाहरूको प्रतिशत




बिगत ३ बर्षको तथ्याङ्क हेर्दा पूर्ण स्तनपान गराउने आमाहरूको संख्या बढेको देखिन्छ । अझै पनि १९ प्रतिशत आमाहरू पूर्ण स्तनपान गराउनबाट केही समस्या देखिन्छ । आगामी बर्ष ति स्तनपान नगाउने आमाहरू पूर्ण स्तनपान गराउने पहल गर्नु जरुरी देखिन्छ ।

### ञ) ०-२३ महिनाका बालबालिकाहरूको औषत बृद्धि अनुगमन र अण्डा साबुन वितरण अवस्था




श्रोतः अमरगढी नगरपालिका, स्वास्थ्य शाखा

बालबालिकाहरूको पोषण अवस्थाको नियमित बृद्धि अनुगमनले आमा तथा परिवारलाई आफ्नो बालबालिकाहरूको बृद्धि विकास बारे जानकारी हुने भएकाले प्रत्येक महिना बृद्धि अनुगमनामा ल्याउन उत्प्रेरणा दिन अमरगढी नगरपालिकाले प्रत्येक महिना बृद्धि अनुगमनमा ल्याउदा आमाहरूलाई अण्डा र साबुन बितरण गर्दै आइरहेको छ। विगत ३ वर्षको प्रगति तल प्रस्तुत छ।

अण्डा साबुन बितरण कार्यले बालबालिकाको औषत बृद्धि अनुगमनमा नियमितता र प्रभावकारीता आएको छ र तल चित्रात्मक रुपमा प्रस्तुत भए अनुसार औषत बृद्धि अनुगमन २१ पटक रहेको छ। आगामी आव देखि अण्डा र साबुनको सट्टा स्थानीय रैथाने जातका उत्पादित अन्न गेडागुडीबाट बनेको सर्वोत्तम पिठो वितरण गर्ने लक्ष्य राखिएको छ।

**बृद्धि अनुगमन पटक**




(श्रोतः डि.एच.आइ.एस)

प्रत्येक बालबालबालिकाहरूलाई महिनाको एक पटक अनिवार्य तौल लिनु पर्दछ। २४ महिनासम्म चौबिस पटक तौल लिँदा २ बर्षसम्मका बालबालिकाहरूको तौलको अवस्था पहिचान गर्न सकिन्छ। २४ पटक मध्ये अमरगढी नगरपालिकामा २१ पटकसम्म बालबालिकाहरू तौलिएका छन् जुन राम्रो कार्य हो। यसलाई २४ पटक नै बनाउन तिर आगामी योजना हुनेछ।

### ३) स्वास्थ्य तथा पोषण सम्बन्धी सर्बेक्षण २०८०को नतिजा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रक्षेपण गरेको जनसंख्याका आधारमा नेपाल सरकारको एकीकृत स्वास्थ्य सुचना ब्यबस्थापन प्रणाली (DHIS) ले तथ्याकं विश्लेशण गर्ने र अमरगढी नगरपालिकाको केन्द्र मै संघीय अस्पताल भएकाले सो अस्पतालको प्रगति पनि नगरपालिका नै जोडिने भएकाले प्रगति राम्रो देखिने तर अमरगढी नगरपालिकाका समुदाय स्तरसम्म भएको स्वास्थ्यको वास्तिवक अवस्था अनुमान गर्न गाह्रो हुने, त्यस्का साथ साथै स्वास्थ्य तथा पोषण सम्बन्धी आमाहरूका ब्यबहार सम्बन्धीका केहि सूचकहरू सरकारको एकीकृत स्वास्थ्य सूचना ब्यबस्थापन प्रणालि (DHIS) ले विश्लेषण नगर्ने भएकाले पोषणमैत्री अभियानको प्रभावकारिताको लागि शुक्ष्मयोजना तर्जुमा गर्नका लागि अमरगढी नगरपालिका स्वास्थ्य शाखाका अगुवाईमा नगरपालिकाका सबै वडाहरूमा सर्वेक्षण गरिएको थियो जस्को नतिजा यहाँ प्रस्तुत गरिएको छ।

| क्र.सं | सूचकहरू | वडाहरूमा सूचकहरूको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | न.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १ | गर्भवती महिलाको जाँच कम्तिमा ४ पटक (गर्भवती भएको ४,६,८ र ९ महिनामा) | ९२ | ९६ | ८५ | १०० | ७१ | ९२ | ९० | १०० | ८६ | पोषण मैत्री वडा | ७४ | ९० |
| २ | सुत्केरी भएपछि कम्तिमा ३ पटक (सुत्केरि भएको ठिक २४ घण्टा, ७२ घण्टा र ७ दिनमा) प्रतिशत | ३१ | ८८ | १० | ५९ | २१ | १४ | ४८ | ८१ | ४५ | पोषण मैत्री वडा | ५९ | २१ |
| ३ | २ वा २ माथी स्वास्थ्यकर्मीले घरमै जाँच गरेको आमा प्रतिशत | ११ | ३२ | ५ | १० | ० | ५ | १५ | १२ | ११ | पोषण मैत्री वडा | २० | १४ |
| ४ | स्वास्थ्यकर्मीबाट एकपटक पनि घरमै जाँच सेवा नपाउने आमाको प्रतिशत | ८ | ९ | ५५ | ७१ | २९ | २९ | ६४ | १८ | ३२ | पोषण मैत्री वडा घोषणा भएको | २० | ३४ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण, २०८०)

माथिको तथ्याङ्क हेर्दा प्रोटोकल अनुसार गर्भजाँचको अवस्था राम्रै देखिएको र अझ राम्रो बनाउन ग्यापहरू बिष्लेषण गरी कार्ययोजना बनाई काम गर्नुपर्ने जरुरी देखिन्छ र वडा नं ३,५,९, र ११ नं वडामा विशेष केन्द्रित हुनुपर्ने देखियो। सुत्केरी जाँचको लागि स्वास्थ्यकर्मी घरमै जान सकिने प्रावधान भए पनि अपेक्षित रुपमा प्रगति हुन नसकेको देखियो। सुत्केरी जाँचलाई अपेक्षित उपलब्धिको अवस्थामा पुर्याउन विशेष जोड दिनु पर्नेछ र वडा नं १,३,५, र ६ केन्द्रित सहयोगि क्रियाकलापहरू संचालन गर्नुपर्ने आवश्यकता यस नतिजाले देखाएको छ। स्वास्थ्यकर्मी घरमै गएर सुत्केरी जाँच गर्ने कामलाई अझ प्रभावकारी बनाउनु पर्ने देखिन्छ।

| क्र. सं | सूचकहरू | वडाहरूमा सूचकहरूको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | न.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| ५ | गर्भवती महिलाले पूर्ण मात्रामा (पहिलो पटक गर्भवती हुदा २ पटक र दोस्रो पटक गर्भवती हुदा १ पटक) टिडि खोप पाएको | १०० | ९३ | ९० | ९५ | ९३ | ९२ | ९७ | ९१ | १०० | पोषण मैत्री वडा | १०० | ९५ |
| ६ | गर्भावस्थामा टिडि खोप लगाउँदै नलगाउने आमाहरूको प्रतिशत | ० | ४ | ३ | ५ | ० | ५ | ० | ३ | ० | पोषण मैत्री वडा | ४ | २ |
| ७ | गर्भवती महिलाले गर्भवती भएको चौथो महिनादेखि १८० दिनसम्म आइरन तथा फोलिक एसिड चक्कि खाएको | ९५ | ९६ | ९५ | ९५ | ९३ | ९७ | ८६ | ८८ | १०० | पोषण मैत्री वडा | ८७ | ९३ |
| ८ | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको संख्या | ९७ | ९६ | १०० | १०० | १०० | ९७ | ९८ | ९१ | १०० | पोषण मैत्री वडा | १०० | ९८ |
| ९ | घरमै सुत्केरी गराउने | ३ | ४ | ० | ० | ० | ३ | २ | ९ | ० | पोषण मैत्री वडा | ० | २ |
| १० | ६ महिनादेखी ५९ महिनाका बालबालिकाले भिटामिन ए पाएको | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | पोषण मैत्री वडा | १०० | १०० |
| ११ | १२ महिनादेखी ५९ महिनाका बालबालिकाले जुकाको औषधि पाएको | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | पोषण मैत्री वडा | १०० | १०० |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण, २०८०)

माथिका नतिजाहरूले मातृस्वास्थ्यको अवस्था अमरगढी नगरपालिकामा राम्रो देखाएको छ, यस्लाई निरन्तरता दिई राख्न जरुरी छ। २ प्रतिशत आमाहरूले भने घरमै बच्चा पाएको देखिएकाले यस सूचकका लागि भने आगामी दिनमा आमा समूह स्तरमा सचेतनाका क्रियाकलापहरूमा बिशेष जोड दिई कार्ययेजना बनाउनु पर्ने देखिन्छ। साथै अति पिडामा परेका सुत्केरी आमाहरूलाई स्वास्थ्यकर्मीको सिफारिसमा निशुल्क एम्बुलेन्स समेत गर्नु पर्नेछ जो कार्य आगामी आवमा निरन्तरता दिईनेछ। सर्वेक्षणले देखाएको नतिजा अनुसार विगतमा वडाको किसिमले हेर्दा वडा नं ८ मा घरैमा बच्चा जन्माउने आमाको संख्या धैरै देखिएको छ।

| क्र. सं | सूचकहरू | वडाहरूमा सूचकहरूको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | न.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १२ | २४ महिनासम्मका बालकालिकाहरूले नियमित बृद्धि अनुगमन गरेको | ८१ | ९५ | ६८ | ६८ | ४३ | ४७ | ७६ | ७६ | ८६ | पोषण मैत्री वडा | ७१ | ७४ |
| १३ | बृद्धि अनुगमन गरेको दिन अण्डा र साबुन पाउने आमाको प्रतिशत | ९७ | १०० | १०० | ९१ | ७१ | ९७ | १०० | ९४ | ९७ | पोषण मैत्री वडा | ७५ | ९५ |
| १४ | शिशु जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको | ८३ | १०० | ४५ | ४२ | १०० | २४ | १२ | ९० | ४१ | पोषण मैत्री वडा | ४२ | ५६ |
| १५ | बच्चा ६ महिना भएपछि स्तनपानका साथै सहि समयमा थप खानाको सुरुवात गरेको | ७४ | ९८ | ८९ | ७५ | ७१ | ३१ | ७७ | ६० | १९ | पोषण मैत्री वडा | २० | ६४ |
| १६ | २ वर्ष मुनिका बालबालिकामा कम तौल भएकाहरू | ५ | ६ | ६ | १ | १ | ३ | ४ | ५ | ३ | पोषण मैत्री वडा | ५ | ४ |
| १७ | घरमा आयोडिनयुक्त नुन उपलब्ध भएका घरधुरी | ९३ | ९५ | ९४ | ९७ | ८७ | ९९ | ९७ | ९१ | ९५ | पोषण मैत्री वडा घोषणा भएको | ९३ | ९४ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण, २०८०)

माथिका नतिजाहरूलाई हेर्दा तौलिएका बालबालिकाहरू मध्ये ४ प्रतिशत कम तौलको हुने गरेकोमा

उनिहरूको पोषण अवस्था बिग्रन नदिन र पूर्णस्तनपान, समयमै थप खानाको सुरुवात जस्ता ब्यवहारमा सुधार गर्नु पर्ने देखिएकाले आमाहरूको ब्यबहार परिवर्तनका लागि र यस्ता सूचकहरूको सुधारका लागि घरपरिवारको पनि सहयोग चाहिने भएकाले उनिहरूको समेत क्षमता विकास गर्ने खालका क्रियाकलापहरू योजना गर्नुपर्ने देखिन्छ । साथै आमा समूहको क्षमता विकास गराई उनिहरू मार्फत नियमित अभियानहरू संचालन गर्नुपर्ने देखिन्छ ।

| क्र. सं | सूचकहरू | वडाहरूमा सूचकहरूको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | न.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १८ | २० वर्ष उमेर नपुगि बच्चा जन्माउने आमाहरूको प्रतिशत | २४ | १८ | २५ | २३ | ० | २१ | २४ | १२ | २२ | पोषण मैत्री वडा | २९ | २१ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण, २०८०)

स्वास्थ्य तथा पोषण सम्बन्धी घरधुरी सर्वेक्षणबाट प्राप्त माथि उल्लेखित नतिजाहरूमा २० वर्ष नपुगि बच्चा जन्माउने आमाहरू २१ प्रतिशत देखिन्छ । यो तथ्यांकले समुदायमा वालविवाह धेरै हुने गरेको यस्ले प्रमाणित गरेको छ । वालविवाह र २० वर्ष मुनिनै बच्चा जन्माउनाले गर्दा आमाको स्वास्थ्यमा प्रतिकुल असर पर्छ । यस्का साथसाथै जन्मने बच्चा पनि कुपोषणको शिकार हुने खतरा बढी देखिएको छ ।

| क्र. सं | सूचकहरू | वडाहरूमा सूचकहरूको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | न.पा. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | |
| १९ | घरमा सर्बोत्तम पिठो उपलब्ध भएका आमाहरूको प्रतिशत | २२ | ४७ | ५७ | ४४ | ८९ | ३६ | ४९ | ७ | ४७ | पोषण मैत्री वडा घोषणा भएको | ३२ | ४१ |
| २० | घरमा अण्डा उपलब्ध उपलब्ध भएका आमाहरूको प्रतिशत | ६४ | ४४ | ५० | ६३ | ७९ | ५० | ४६ | ३९ | ६३ | पोषण मैत्री वडा घोषणा भएको | ४८ | ५२ |
| २१ | पोषिलो खाना नियमित खाने आमाहरूको प्रतिशत | ४३ | २७ | ८ | ४५ | १४ | ७४ | ० | २१ | १९ | पोषण मैत्री वडा घोषणा भएको | ३३ | २७ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण २०८०)

माथिको तथ्यांक हेर्दा सुनौला १००० दिनका आमा भएको घरधुरिमा आमा तथा बच्चाका लागि अतिआवश्यक पोषिलो खाना सर्वोत्तम पिठो र अण्डाको उपलब्धता हेर्दा आधि जतिको घरमा मात्र उपलब्ध भएको देखियो भने यस्तै खाले पोषिला खानेकुरा नियमित खाने आमाहरू त झन एकदम न्यून २७ प्रतिशत मात्र देखियो । आमा तथा बच्चाका लागि पोषिलो खानाको उपलब्धता हुनु र नियमित उपभोग गर्नु नै पोषणमैत्री समाज निर्माणको मुल अधार भएको हुनाले अमरगढी नगरपालिकाले कृषि विकास शाखा र स्वास्थ्य शाखाको समन्वयात्मक तथा सहकार्यात्मक कार्ययोजना बनाई कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

## ङ) ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम

सुनौला १००० दिनका आमा तथा जन्मने बालबालिकाहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै अमरगढी नगरपालिकाले ग्रामिण अल्ट्रासाउन्ड कार्यक्रम संचालन गर्दै आएको छ। आ.ब. २०८०/८१को प्रगति निम्नानुसार रहेको छ।

| आमाको संख्या | | समस्याको वर्गिकरण | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २० बर्ष मुनी | २० बर्ष माथी | बच्चा उल्टो बसेको | | गर्भाशय भित्र भ्रुण विग्रको अवस्था | | साल पाठेघरको मुखमा रहेको | | साल पछाडी रहेको अवस्था | | गर्भमा पानी कम भएको अवस्था | | गर्भाशयभित्र मृत बच्चा भएको अवस्था | | पाठेघरमा डल्लो सिष्ट | | गर्भभित्र तौलकम भएको अवस्था | |
| | | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी | २० मुनी | २० माथी |
| ३४ | ५४९ | १ | १३ | ० | १ | १ | ४ | २ | ३ | ० | २ | ० | १ | ० | १ | ० | २ |




श्रोतः अमरगढी नगरपालिका, स्वास्थ्य शाखा

माथिको तथ्याङ्कलाई केलाएर हेर्दा जति जति उमेर कम उमेरकी किसोरी गर्भवती आमा बन्दछिन भने उनलाई जोखिम त्यति नै जोखिम बढी हुने गर्दछ। २० बर्ष माथीका गर्भवती भएका आमा भन्दा दुई गुणाभन्दा बढी जोखिम २० बर्षमूनीका गर्भवती आमामा देखिएको छ। अमरगढी नगरपालिकामा झण्डै १५ प्रतिशत गर्भवती आमा २० बर्षमूनीका देखिन्छन्। कानूनले २० बर्षमूनीको विवाहलाई निषेध गरे ता पनि सामाजिक परम्परा र व्यवहारिक समस्याका कारणले २० बर्ष मूनीका गर्भवती देखिन्छन। स्वास्थ्य क्षेत्रका कोणबाट हेर्दा २० बर्षमूनी गर्भवती भईसके पश्चात सेवा लिनका लागि आएमा सेवा दिनु पर्ने कर्तब्य हो तर २० बर्ष मूनी नै गर्भवती हुन नदिने वातावरण निर्माण गर्न र सामाजिक चेतना फैलाउन वडा कार्यलय, प्रहरी प्रशासन, जनप्रतिनिधि, महिला बालबालिका शाखा र अन्य गैह्रसरकारी संस्थाहरूको बहुक्षेत्रीय समन्वय आवश्यक छ।

## च) शिघ्र कुपोषण ब्यबस्थापनका लागि पोषण ब्यबस्थापन केन्द्र

डडेल्धुरा जिल्ला अमरगढी नगरपालिका वडा नं ५ स्थित डडेल्धुरा अस्पतालमा २०७४ भाद्र १ गतेदेखि पोषण पुनर्स्थापना गृह संचालनमा आएको थियो र अमरगढी नगरपालिकाका लागि मात्र नभएर डडेल्धुरा जिल्ला र सुदूरपश्चिम प्रदेशका पहाडि ७ वटा जिल्लाहरूलाइ नै पोषण पुनरस्थापना गृहले सेवा दिइरहेको छ। जम्मा १० वटा बेड क्षमता रहेको यस केन्द्रमा आमा तथा बच्चालाइ आवासिय उपचार र स्याहारहरू गर्ने गरिन्छ। बालरोग विशेषज्ञको प्रत्यक्ष निगरानिमा २४ घन्टा नै नर्सिङ्ग स्याहार गर्ने गरिन्छ। आमा तथा बालबालिकाहरूलाई नियमित पोषिलो खाना समेत केन्द्रले नै उपलब्ध गराउने र नियमित पोषण लेखाजोखा गर्ने गरिन्छ। मातृ शिशु तथा बाल्यकालिन पोषण सम्बन्धी ज्ञान अभिबृद्धि गर्न नियमित सेसनहरू संचालन तथा नियमित परामर्श सेवा पोषण पुनर्स्थापना केन्द्र बाट दिने गरिन्छ। आफ्नो स्थापनादेखि हालसम्म पोषण पुनर्स्थापना केन्द्रले उपलब्ध गराएको सेवा विवरण निम्नानुसार रहेको छ।

| आ.ब. | भर्ना | | | डिस्चार्ज |
|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | |
| २०७४/७५ | ८० | ४२ | ३९ | ७२ |
| २०७५/७६ | १०८ | ६० | ४८ | १०९ |
| २०७६/७७ | ६२ | २९ | ३३ | ६८ |
| २०७७/७८ | ६३ | २७ | ३६ | ६१ |
| २०७८/७९ | ९३ | ५१ | ४२ | ९३ |
| २०७९/८० | ८८ | ४९ | ३९ | ८३ |
| २०८०/८१ | ५५ | २६ | २६ | ५६ |
| **जम्मा** | **५४९** | **२८४** | **२६३** | **५४२** |

श्रोतः डडेल्धुरा अस्पताल पोषण पुनर्स्थापना गृह

## छ) मुख र दाँत स्वास्थ्य

पोषणका लागि अति आवश्यक स्वास्थ्य सेवा मध्ये मुख स्वास्थ्य र दाँतको स्वास्थ्य पनि रहेको छ। एनडिएचएसको सर्वेक्षण २०२२ अनुसार नेपाल मै दाँतको समस्या भएका नागरिकहरू करिब ६२ प्रतिशतको हाराहारीमा देखिन्छन्। अमरगढीको सर्वेक्षणमा पनि दाँतको समस्या देखिएका ६३ प्रतिशत देखिन्छ। यस्को अर्थ हो दाँतको स्वास्थ्यलाई त्यति महत्त्वका साथ नहेरिनु। वास्तवमा दाँत माझ्ने तरिका देखि दाँतलाई बचाउने तरिकासम्म अधिकाँश नागरिकलाई जानकारी छैन। एक फोकस ग्रुपमा भएको छलफल अनुसार सबै नागरिकलाई दाँत माझ्ने तरिका नै थाहा छैन भन्ने देखाएको छ। दाँत माँझ्न उपयुक्त समय,उपयुक्त विधि र उपयुक्त साधनका बारे सबै नागरिक अनविज्ञ छन। अमरगढीको वस्तुअवस्था हेर्दा दाँतका समस्याहरू वडा अनुसारको बिश्लेषण देहाय बमोजिम छ।

| क्र. सं. | सूचक | न.पा. तथा वडा अनुसार सूचकको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| ११ | दाँत किराले खाएकाको संख्या | ६३ | ६२ | ६२ | ७१ | ४८ | ५९ | ७५ | ५९ | ५६ | ४६ | पोषणमैत्री वडा | ५२ |

स्वास्थ्य शाखाले आगामी आवमा सबै विद्यालय शिक्षक,विद्यार्थी, स्वयंसेविका र आमासमूहसम्म दाँतको तालिम दिई सबै नागरिको दाँतलाई बचाउनका लागि जनचेतना जागरुक गर्नका लागि योजना निर्माण गरेको छ। यसका आधारमा आगामी आवमा सबै नागरिकहरूलाई दाँत स्वास्थ्यको पहुँचमा पुर्याउने लक्ष्य लिएको छ।

## ५.२) क्षेत्र: शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको प्रमुख सूचकको रूपमा लिइन्छ। समग्रमा हेर्दा शिक्षा प्रति जनचासो, राज्य र गैरराज्य पक्षको लगानीको समष्टिगत परिणामस्वरूप समग्र देशको साक्षरता दरमा वृद्धि आवधिक भइरहेको छ। अमरगढी नगरपालिकाको तथ्याङ्कबाट पनि यसको आभास पाउन सकिन्छ। यसका साथै देशबाट निरक्षरता उन्मुलन गर्न विद्यालय भर्ना अभियानजस्ता राज्य निर्देशित अभियान पनि प्रभावकारी हुने अपेक्षा गरिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा हो। शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको सर्वोपरी भूमिका रहन्छ। गरीबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई एक अनिवार्य आवश्यकता हो।

संविधान तथा योजनाका ठूल्ठूला बहस भए तापनि शैक्षिक गुणस्तरको हकमा अन्य मुलुकको तुलनामा उल्लेखनीय विकास भने भएको देखिदैन। शिक्षाले ज्ञान र सीपमा प्रयोगात्मक परिवर्तन ल्याउने, पिछडिएको, विपन्न र अभावग्रस्त वर्गको पक्षपोषण गर्ने, अवोध बालबालिका एवम् आवाज विहिनका पक्षमा रही देशलाई समृद्ध बनाउने परिकल्पनालाई साकार पार्नुपर्दछ। देशका लागि आवश्यक नेतृत्वदायी क्षमताको विकास, अथकरूपमा सिक्ने र सिकाउने प्रवृत्ति, सामाजिक र मानवीय मूल्य मान्यता र आत्मविश्वासजस्ता आधारभूत समग्र पक्षको विकास गर्न सघाउनु नै गुणस्तरीय शिक्षाको विशेषता हो। यस्तो शिक्षामा विश्लेषणात्मक र मौलिक सोँचको पर्याप्तता हुनुपर्छ। निर्दिष्ट सिकाइ मात्र स्तरीय होइन कि व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता, देश र संस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिकरूपमा विज्ञानको उपयोग गर्न स्तरीय शिक्षाको आवश्यकता छ। परम्परागत कृषि पेशामा आधुनिकीकरण र व्यवसायीकरण गर्न, उद्यमशीलताको विकास र पुँजी लगानी मार्फत औद्योगिकीकरण गर्न मयार्दित रोजगारीको अवसर सृजना गर्न र समग्रमा मानव विकास मार्फत सम्वृद्ध र समुन्नत देश विकास गर्न जीवनोपयोगी र व्यवहारिक शिक्षाको अहम् भूमिका रहन्छ।

## क) नगरपालिका भित्र रहेका सरकारी विद्यालय तथा शैक्षिक संस्था केन्द्रहरूको विवरण

| क्र.स | विधालयको नाम | ठेगाना | विद्यार्थी संख्या | छात्रा/छात्रका लागि भिन्दाभिन्दै शौचालय भए/नभएको | शुद्ध खानेपानीको ब्यबस्था भए नभएको |
|---|---|---|---|---|---|
| १ | शैलेश्वर महादेव प्रा.वि. | अमरगढी-७, तिलाड़ी | ३० | नभएको | नभएको |
| २ | जनज्योती प्रा.वि. | अमरगढी-२, आदित्यपुर | २९ | भएको | नभएको |
| ३ | महेश्वरी प्रा.वि. | अमरगढी-९ निदालगाउँ | ५८ | भएको | नभएको |
| ४ | कैलाश प्रा.वि. | अमरगढी-६, भक्तपुर | ३० | भएको | भएको |
| ५ | गणेशमान स्मृति प्रा.वि. | अमरगढी-६ दुमाडा | ५३ | नभएको | भएको |
| ६ | असिग्राम आ.वि. | अमरगढी-११, लिटिरगाउँ | १४९ | भएको | भएको |
| ७ | आदर्श मणिलेक प्रा.वि. | अमरगढी-९, लटसेरा | ५१ | नभएको | भएको |
| ८ | सिद्धनाथ आ.वि. | अमरगढी-३ चिरकिट्टे | ५० | भएको | भएको |
| ९ | लटेश्वर आ.वि. | अमरगढी-१, मालम | १४३ | भएको | भएको |
| १० | सरस्वति आ.वि. | अमरगढी-१, फिन्नेकोट | १२७ | भएको | भएको |
| ११ | शम्भुनाथ आ.वि. | अमरगढी-६, छचोडा | ९८ | भएको | भएको |
| १२ | भूमिराज प्रा.वि | अमरगढी-८, बागचौर | ७६ | भएको | भएको |
| १३ | निलकण्ठ आ.वि. | अमरगढी-३, लरडा | १०६ | भएको | भएको |
| १४ | आसिग्राम प्रा.वि. | अमरगढी-४, सुनेडा | २२ | भएको | भएको |
| १५ | वैजनाथ आ.वि | अमरगढी-४, भलिया | ५ | भएको | भएको |
| १६ | त्रिपुरासुन्दरी आ.वि. | अमरगढी-२, बिरखम्ब | ७७ | भएको | नभएको |
| १७ | जनसेवा प्रा.वि. | अमरगढी-३, पथरोडा | २७ | भएको | भएको |
| १८ | अशिग्राम प्रा.वि. | अमरगढी-५, सल्लेगाउ | ५६ | भएको | भएको |
| १९ | भूमिराज मा.वि. | अमरगढी-१, शान्तिनगर, ढुन्ढुने | ४७ | भएको | भएको |
| २० | भागेश्वर मा.वि. | अमरगढी-८, टाँटर | ३२२ | भएको | भएको |
| २१ | बैजनाथ मा.वि. | अमरगढी-२, मौरडा | २५८ | भएको | भएको |
| २२ | उग्रतारा मा.वि. | अमरगढी-७, पोखरा | ३०८ | भएको | भएको |
| २३ | सहश्रलिङ्ग मा.वि. | अमरगढी-१०, राई | २३७ | भएको | भएको |
| २४ | घटाल मा.वि. | अमरगढी-३, नुवाकोट | २३९ | भएको | भएको |
| २५ | महेन्द्र मा.वि. | अमरगढी-५, खलंगा | ९२४ | भएको | भएको |
| २६ | उग्रतारा वेद विद्दाश्रम आ.वि. | अमरगढी-८, उग्रतारा | ३४ | भएको | भएको |
| २७ | कैलपाल प्रा.बि. झर्ता | अमरगढी ११ | १९ | - | - |
| | जम्मा विद्यार्थी संख्या | | ३५७५ | | |

**श्रोतः अमरगढी नपा शिक्षा शाखा**

## ख) अमरगढी नगरपालिका अनतर्गत रहेका संस्थागत विद्यालयहरू:

| क्र.स | विधालयको नाम | ठेगाना | विद्यार्थी संख्या | छात्रा/छात्रका लागि भिन्दाभिन्दै शौचालय भए/ नभएको | शुद्ध खानेपानीको ब्यवस्था भए नभएको |
|---|---|---|---|---|---|
| १ | भगवती इ.बो.स्कुल | अमरगढी-८ क्रितिपुर | २३७ | भएको | भएको |
| २ | माउन्टेन इ.बो.स्कुल | अमरगढी-५, बागबजार | ९२१ | भएको | भएको |
| ३ | मोडर्न इ.बो.स्कुल | अमरगढी-१, दह | २०५ | भएको | भएको |
| ४ | ज्ञानोदय विद्धा निकेतन | अमरगढी-५, तुफानडाडा | ५०८ | भएको | भएको |
| ५ | लोटस इ.बो.स्कुल | अमरगढी-११, सल्लाघारी | १७० | भएको | भएको |
| ६ | क्याम्ब्रिज पब्लिक स्कुल | अमरगढी-५ डडेलधुरा | ७११ | भएको | भएको |
| ७ | आइन्स्टाइन स्कुल | अमरगढी-५ डडेलधुरा | ४८२ | भएको | भएको |
| | | जम्मा विद्यार्थी संख्या | ३२३४ | | |

## ग) प्राविधिक धार संचालित विद्यालयहरू

| क्र.स | विद्यालयको नाम | ठेगाना | प्राविधिक धार | संचालित तह |
|---|---|---|---|---|
| १ | महेन्द्र मा.वि. | खलंगा | सिभिल इन्जिनियरिङ | माध्यमिक (९-१२) |
| २ | बैजनाथ मा.वि. | मौरडा | बालीबिज्ञान | डिप्लोमा ३ बर्षे |
| ३ | घटाल मा.बि | नुवाकोट | बालीबिज्ञान | डिप्लोमा ३ बर्षे |
| ४ | भागेश्वर मा.वि | टाँटर | वन बिज्ञान | डिप्लोमा ३ बर्षे |

## घ) उच्च शिक्षा दिने क्याम्पसहरू

| क्र.स | क्याम्पसको नाम | ठेगाना | संचालित तह |
|---|---|---|---|
| १ | डडेल्धुरा बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक र स्नातकोत्तर |
| २ | भीमदत्त बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक |
| ३ | माउन्टेन बहुमुखी क्याम्पस | अमरगढी-५ डडेल्धुरा | स्नातक |

## ङ) सामुदायिक सिकाई केन्द्रहरूको विवरण

| क्र.स | सामुदायिक सिकाई केन्द्र | ठेगाना |
|---|---|---|
| १ | पोखरा सामुदायिक सिकाई केन्द्र | अमरगढी-०७ |
| २ | घटाल सामुदायिक सिकाई केन्द्र | अमरगढी-०३ |
| ३ | अमरगढी सामुदायिक सिकाई केन्द्र | अमरगढी-१० |
| ४ | सहस्रलिग सामुदायिक सिकाई केन्द्र | अमरगढी-०१ |
| ५ | त्रिपुरासुन्दरी सामुदायिक सिकाई केन्द्र | अमरगढी-०२ |

**श्रोत: अमरगढी नपा शिक्षा शाखा**

## च) विद्यालयमा दिवा खाजाको अवस्था

सबै विद्यालयहरूमा संघीय सरकारको शसर्त अनुदान मार्फत प्रति विद्यार्थी रु १५ का दरले योजना गरेको छ र स्थानीय स्तरमा उत्पादित पोषणयूक्त खानेकुराहरको मेनु बनाएर प्रत्येक बार अलग अलग परिकार हुने गरी खाजा उपलब्ध गराइदै आएको छ। संघीय सरकारले योजना गरेको रकम प्रयाप्त नभएको र यस्लाई बृद्धि गर्नु पर्ने आवश्यकता भने समय समयमा खट्किराखेको हुन्छ। अमरगढी न पा शिक्षा शाखाको शैक्षिक बुलेटिन, २०७७ अनुसार देहाय अनुसारको बारमा खाजा खुवाउने तालिका रहेको छ।

| बार | खुवाईने परिकार स्थानीय उत्पादनलाई प्राथिमिकता हुने गरी |
|---|---|
| आईतबार | पुरी तरकारी |
| सोमबार | खिचडी |
| मंगलबार | हलुवा, साग |
| बुधबार | जाउलो |
| विहीबार | भुटेको चिउरा,तरकारी |
| शुक्रबार | अण्डा, चना |

श्रोतः अमरगढी शिक्षा बुलेटिन, २०७७

**खाजाका लागि रकम निकास विवरण**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यार्थी सङ्ख्या | | जम्मा निकासा |
|---|---|---|---|---|---|
| | | | शैक्षिक सत्र २०८० फागुनसम्म | नयाँ शैक्षिक सत्र २०८१ जेठदेखि | |
| १ | शैलेश्वर महादेव प्राथमिक विद्यालय | अमरगढी-७, तिलाडी | ३१ | ३१ | ७५५५५ |
| २ | जनज्योति प्राथमिक विद्यालय | अमरगढी-२, आदित्यपुर | २२ | ३० | ५२७८५ |
| ३ | माहेश्वरी प्राथमिक विद्यालय | अमरगढी-९, निदालगाउँ | ५३ | ५८ | १३५६४५ |
| ४ | कैलाश प्राथमिक विद्यालय | अमरगढी-६, भक्तपुर | २३ | २९ | ७२१२० |
| ५ | गणेशमान स्मृति प्राथमिक विद्यालय | अमरगढी-६, दुमडा | ५८ | ५६ | १३६५७५ |
| ६ | असिग्राम आधारभूत विद्यालय | अमरगढी-११, लिटिरीगाउँ | ८६ | ८७ | २७२०२५ |
| ७ | आदर्शमणिलेक प्राथमिक विद्यालय | अमरगढी-९, लटसेरा | ६६ | ५२ | १६२९१५ |
| ८ | सिद्धनाथ आधारभूत विद्यालय | अमरगढी-३, चिरकिट्टे | २६ | २४ | ६५३८५ |
| ९ | लटेश्वर आधारभूत विद्यालय | अमरगढी-१, मालम | १०७ | ८९ | २२०८७५ |
| १० | सरस्वती माध्यमिक विद्यालय | अमरगढी-११, फिन्नेकोट | ५२ | ४४ | १३५०७५ |
| ११ | शम्भुनाथ आधारभूत विद्यालय | अमरगढी-६, छचोडा | ७९ | ६४ | १५२०८५ |
| १२ | भूमिराज प्राथमिक विद्यालय | अमरगढी-८, बागचौर | ७८ | ७२ | २१८६८५ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | निलकण्ठ आधारभूत विद्यालय | अमरगढी-३, लरडा | ६३ | ७० | १८४३९५ |
| १४ | असिग्रम प्राथमिक विद्यालय | अमरगढी-४, सुनेडा | १८ | २२ | ५६३८५ |
| १५ | बैजनाथ आधारभूत विद्यालय | अमरगढी-४ भलिया | ३४ | २६ | ८३३७० |
| १६ | त्रिपुरासुन्दरी आधारभूत विद्यालय | अमरगढी-२, विरखम्ब | ५६ | ५२ | १४९६२५ |
| १७ | जनसेवा प्राथमिक विद्यालय | अमरगढी-३, पथरोडा | २५ | २८ | ६७१७० |
| १८ | असिग्राम प्राथमिक विद्यालय | अमरगढी-५, सेलागाउँ | ७२ | ६८ | १८३६६० |
| १९ | भागेश्वर माध्यमिक विद्यालय | अमरगढी-८, टाँटर | १२८ | १३६ | २९९०५५ |
| २० | बैजनाथ माध्यमिक विद्यालय | अमरगढी-२, मौरडा | ११० | ९६ | २८५९४५ |
| २१ | उग्रतारा माध्यमिक विद्यालय | अमरगढी-७, पोखरा | १४० | १४१ | ३१४७९० |
| २२ | सहश्रलिंग माध्यमिक विद्यालय | अमरगढी-१०, राई | ११७ | १०५ | २४६४८० |
| २३ | घटाल माध्यमिक विद्यालय | अमरगढी-३, नुवाकोट | ८९ | ८३ | २४४८६० |
| २४ | महेन्द्र माध्यमिक विद्यालय | अमरगढी-५, खलङ्गा | २६५ | २३९ | ७२९८७० |
| २५ | भुमिराज प्राथमिक विद्यालय | अमरगढी-१, शान्तिनगर | ५३ | ४७ | १२७७२५ |
| २६ | उग्रतारा वेद विद्याश्रम | अमरगढी-८, उग्रतारा | ० | ० | ५२६५ |
| २७ | कैलपाल प्रावि | अमरगढी- १, झर्ता | ६ | १६ | २७६९० |
| | | **जम्मा** | **१८५७** | **१७६५** | **४७०६०१०** |

श्रोतः अमरगढी नपा शिक्षा शाखा

अमरगढी नगरपालिकाको आव २०८०।८१को दिवाखाजाको अवस्था हेर्दा जम्मा करीब १९०० बालबालिकाले विद्यालय सुचारु भएका दिन रु १५ का दरले स्थानीय रैथाने परिकारका ७ दिनको खाजा तालिका अनुसार खाजा खुवाएको देखिन्छ। २३९६ बच्चालाई विद्यालय सुचारु भएका दिन खाजा खुवाउनका लागि करिब ४७ लाख ५० हजार खर्च छ। सो रकमले बालबालिकाहरूको ८ घण्टा विद्यालयमा विताउनु पर्ने समय भित्र करिब ४ घण्टाको बीच पारेर हाफटाईम समयमा खाजा खुवाउने गरेका छन्। खाजाको गुणस्तरियता र सरसफाईको अवस्था मुल्याङ्कन विद्यालय नर्स मार्फत हुने गरेको छ। भान्सेलाई खाजा बनाउन र सरसफाई राख्नका लागि तालिम आवश्यक देखिएको छ। खाजाको रकमले नपुग हुने सबैको गुनासोलाई मध्य नजर गर्दै खाजा रकम बृद्धिका लागि सरकारसँग अनुरोध गर्न बाञ्छनीय छ।

### छ) विद्यालय नर्सिङ्ग कार्यक्रम

सामुदायिक स्वास्थ्य प्रवर्द्धन र पोषण कार्य गर्नका लागि विद्यालय स्वास्थ्य र विद्यार्थीहरूको पनि अहम भुमिका हुन्छ। यि कार्य गर्नकालागि संघीय सरकारको सहयोगमा देहाय बमोजिमका विद्यालयहरूमा फोकल प्वाईन्ट रहने गरी विद्यालय नर्स भर्ना गरिएका छन्। ति विद्यालयहरूमा देहाय बमोजिम रहेका छन।

| क्र. सं | विद्यालयको नाम | प्रधानाध्यापकको नाम | विद्यालय नर्सको नाम | सम्पर्क नम्बर | ईमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | श्री महेन्द्र उच्च मा.वि. खलंगा | श्री सुरेन्द्र सिंह ऐर | सदिक्षा जैरु | ९८६०४७५१७७ | sadikshyajairu@gmail.com |
| २ | श्री भागेश्वर मा.वि. टाटर् | श्री शेर ब साउँद | सुस्मा बराइली | ९७६७५९३०६५ | sushmabaraili79@gmail.com |
| ३ | श्री बैजनाथ मा बि मौरडा | मोहन सिंह धामी | बिष्ना भाट | ९८६८५११५५८ | bishnabhat75@gmail.com |
| ४ | श्री असिग्राम आ बि लिटिरीगाउँ | मनोरथ पन्त | रोमि भण्डारी | ९८६८७७६७९८ | romibhandari0902@gmail.com |
| ५ | श्री बैजनाथ आधारभुत विद्यालय | भुवन बिष्ट | तारा कामी | ९७६६५७१७२९ | bktara168@gmail.com |
| ६ | श्री घटाल मा वि, नुवाकोट | श्री गणेश बा सावद | सुमित्रा नेपाली | ९८६९१२३२२४ | suminepali10@gmail.com |
| ७ | श्री शहश्रलिंग मा बि | श्री शिवदत्त जोशी | | | |
| ८ | श्री लटेश्वर आधारभुत विद्यालय | श्री पूर्ण कुमार श्रेष्ठ | सुरक्षा मल्ल | ९८४८९६६६९१ | mallasuraksa3@gmail.com |
| ९ | श्री उग्रतारा मा बि पोखरा | रामदत्त जोशी | बिमला जोशी | ९८६५९४५११५ | joshibimala55@gmail.com |
| १० | श्री शम्भुनाथ आ बि छचडा | बासुदेव ओझा | ललिता खडायत | ९७४८८७९१०७ | lalitakhadayat28@gmail.com |

विद्यालय नर्सले विद्यार्थीलाई प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक र प्रेषण सेवा उपलब्ध गराउँदै आएका छन् । विद्यालयमा नर्सिङ तथा आपत्कालीन कक्षाको पनि व्यवस्थापन गरिसकिएको छ । नर्सले विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालनका लागि नेतृत्वदायी भूमिका वहन गरेका छन् । विद्यार्थीको सामान्य उपचार, विद्यालयको वातावरण स्वस्थता, विद्यालयमा स्वास्थ्य सम्बन्धी अतिरिक्त क्रियाकलापहरूमा विद्यालयका विद्यार्थीहरूलाई एसाईन्मेन्ट दिई मार्किङ्ग भईरहेको छ । सिक्न र सिकाउनका लागि सुरक्षित एवं बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण बनाउन सहयोग भएकोछ । प्रवर्द्धनात्मक सेवा अन्तरगत : *स्वस्थ जीवनशैली र ब्यवहार परिवर्तन, पोषिलो र स्वस्थ्यकर खानाको प्रवर्द्धन, पत्रु खाना नियन्त्रण, अर्ग्यानिक खानाको लागि अभिभावक र विद्यार्थी प्रोत्साहन, लागु पदार्थ दुर्वेसनी नियन्त्रण*का कार्य भएका छन् । स्वच्छ खानेपानी तथा लैङ्गीक मैत्री सौचालय निर्माणका लागि पहल गर्ने, सर्ने तथा नसर्ने रोगबाट बच्न चेतनामुलक कार्यक्रम गर्ने, विद्यालय स्वास्थ्य सम्बन्धी नाटक र प्रदर्शनी गर्न प्रेरित गर्ने, प्राकृतिक प्रकोप र विपद बारे विद्यार्थीलाई सचेत गराउँदै जोखिम न्युनिकरण गर्न पहल गर्ने, शारीरिक मानसिक परिबर्तनमा परामर्श, प्रजनन स्वास्थ्य, परिवार नियोजन र यौनिकतामा परामर्श, मानसिक स्वास्थ्य समस्यामा मनोसामाजिक परामर्श , विद्यार्थीहरूको क्षमता अभिबृद्धि गर्न अभिभावकलाई परामर्श, दिर्धकालिन रोग र लामो उपचार गर्ने विद्यार्थीहरूका लागि परामर्श, प्राथमिक उपचार बारे परामर्श , विद्यार्थी स्वास्थ्य परिक्षण बिषेश गरी आँखा कान मुख र छाला रोगका लागि, विद्यार्थी र शिक्षकक कालिग आकस्मिक घाउ चोट पटक खटिरा लगायतका समस्याको प्राथमिक उपचार, किसोरीहरूलाई महिनावारी समस्या समाधान गर्दै निशुल्क स्यानिटरी प्याड वितरण, विद्यार्थी भर्ना समयमा अभिभावकसँग पूर्व सुसूचित मन्जुरिनामा, विद्यार्थीहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्न पहल गर्ने कार्य विद्यालय नर्सहरूले गर्दै आएका छन् ।

**विद्यालय नर्सिङ्ग कार्यक्रमको बार्षिक प्रगति विवरण**

| सिन | गरिएका कार्यक्रमहरू | आव २०८०।८१मा सेवा पाएका संख्या |
|---|---|---|
| १ | महिनावारी परामर्श | १०९२ |
| २ | ब्यक्तिगत सरसफाई | २६४९ |
| ३ | BMI मापन | १८२८ |
| ४ | प्रजनन स्वास्थ्य शिक्षा | ८२१ |
| ५ | पोषण परामर्श | २१२३ |
| ६ | वातावरण सरसफाई | २५४० |
| ७ | प्राथिमक उपचार | १८६१ |
| ८ | मानसिक परामर्श | ७२ |
| ९ | सामुदायिक स्वास्थ्यका लागि विद्यार्थी परिचालन | १९३ |
| १० | बालक्लब परिचान | १०० |
| ११ | स्वास्थ्य प्रदर्शनी | ७ |
| १२ | हाईजिनकर्नर स्थापना | ९ |
| १३ | पोषण कर्नर स्थापना | ५ |
| १४ | व्यवहारिक समस्या | २ |
| १५ | प्रेषण सेवा | ६५ |
| १६ | दिवा खाजा अवलोकन | १२० |
| १७ | आईरन वितरण | १२४३ |
| १८ | एलविन्डाजोल वितरण | २२४६ |
| १९ | स्यानिटरि प्याड वितरण | ९१९ |
| २० | विद्यार्थी एसानमेन्ट | २१० |
| २१ | विद्यालय स्वास्थ्य व्यवस्थापन समिति बैठक | ३ |

**श्रोतः अमरगढी नगरपालिका स्वास्थ्य शाखा**

## ५.३) क्षेत्रः महिला तथा बालबालिका

कुल जनसङ्ख्याको आधा हिस्साभन्दा बढी ओगटेका महिलाहरू अझै पनि देश विकासको मूल प्रवाहमा उल्लेखनीयरूपमा आउन सकेका छैनन् । महिला सहभागिता,सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहमागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोंच तथा सामाजिक संरचना आदि

रहेका छन् जसको फलस्वरूप महिलाहरू आर्थिक, सामाजिक, सांस्कृतिक, राजनैतिक र शैक्षिकरूपमा अझै पनि तुलनात्मक रूपमा पछाडि परेको देखिन्छ । विकासमा महिलाहरूको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चित गर्न उनीहरूको आर्थिक र सामाजिक जीवनस्तर अभिवृद्धि विभिन्न अभियान र कार्यक्रमको आवश्यकता छ । ग्रामीण विपन्न महिलाहरूलाई समूह, समिति, संस्थामा सङ्गठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिक रूपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिका निर्वाह गर्दै आईरहेको छ।

महिलाहरूको शैक्षिक, सामाजिक र आर्थिक विकासले उनिहरूमा आत्मनिर्भरता बढ्छ र यस्ले आमा तथा बालबालिकाको पोषण स्थितिमा समेत प्रत्यक्ष असर पार्दछ। डडेल्धुरा जिल्लाको अमरगढी नगरपालिका अन्तरगत पनि विभिन्न महिलाहरूलाई विभिन्न घरेलु हिंसाका घटनाहरू भइरहने, २० वर्ष मुनि नै बिबाह गर्ने र बच्चा जन्माउने जस्ता प्रत्यक्ष स्वास्थ्य र पोषण सँग जोडिएका विषयहरू छन। यि समस्याहरूको निराकरणका लागि अमरगढी नगरपालिका महिला तथा बालबालिका शाखाले विशेष योजना बनाई कार्यक्रम तथा क्रियाकलापहरू संचालन गर्नुपर्ने देखिन्छ।

अन्तर्राष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिकालाई बालबालिका हुन् भनेर परिभाषित गरेको छ । बालबालिका भविष्यका कर्णधार हुन्। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामुहिक प्रतिवद्धता र साझा प्रयास आवश्यक छ भन्ने कुरा महशुस गरी संयुक्त राष्ट्र संघले सन् सन् १९८९ नोभेम्बरमा बाल अधिकारसम्बन्धी महासन्धी पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तर्राष्ट्रिय बाल दिवस मनाइन्छ। नेपालको संविधान २०७२ ले बालबालिका सम्बन्धी थुप्रै हक अधिकारहरू समेटेको छ। बालबालिकाहरू नै देश विकासका जग हुन। बालबालिका स्वस्थ हुनु र यिनिहरूको पोषण अवस्था राम्रो हुनु नै एउटा महत्त्वपूर्ण कुरा हो। वालबालीको क्षमता विकास तथा स्वास्थ्य र पोषणको ज्ञानमा थप सचेतनाका लागि अमरगढी नगरपालिकाले विद्यालय स्तरमा बालक्लबहरू गठन गरी परिचालन गर्ने कार्य गरेको छ। बालक्लबको विवरण तपशिल अनुसार रहेको छ।

| क्र. सं. | बालक्लबको नाम | ठेगाना | सदश्य संख्या | | |
|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा |
| १ | सुनौलो बिहानि बालक्लब | अमरगढी ११, लिटिरिगाउँ | ६ | ५ | ११ |
| २ | कोपिला बालक्लब | अमरगढी ३, चिरकिट्टे | ६ | ५ | ११ |
| ३ | लटेश्वर बालक्लब | अमरगढी १, मालम | ६ | ५ | ११ |
| ४ | चेतना बालक्लब | अमरगढी ११, फिन्नेकोट | ६ | ५ | ११ |
| ५ | जनचेतना बालक्लब | अमरगढी ६, छचोडा | ४ | ७ | ११ |
| ६ | घटाल बालक्लब | अमरगढी ३, लरडा | ७ | ४ | ११ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | बैजनाथ बालक्लब | अमरगढी ४, भलिया | ३ | ६ | ९ |
| ८ | त्रिपुरा सुन्दरी बालक्लब | अमरगढी २, बिरखम्म | ६ | ५ | ११ |
| ९ | ज्ञानज्योति बालक्लब | अमरगढी ८, टाँटर | ७ | ६ | १३ |
| १० | बैजनाथ बालक्लब | अमरगढी २, मौरडा | ८ | ७ | १५ |
| ११ | उग्रतारा बालक्लब | अमरगढी ७, पोखरा | ७ | ५ | १२ |
| १२ | कोपिला बालक्लब | अमरगढी १०, राँइ | ६ | ९ | १५ |
| १३ | घटाल बालक्लब | अमरगढी ३, नुवाकोट | ७ | ४ | ११ |
| १४ | महेन्द्र मा.बि. नमुना बालक्लब | अमरगढी ५, खलगां | ९ | ९ | १८ |
| १५ | उग्रतारा बैदिक बालक्लब | अमरगढी ८, उग्रतारा | ९ | ० | ९ |

**श्रोतः अमरगढी नगरपालिका स्वास्थ्य शाखा**

बालक्लबलाई राम्रोसँग समुदाय परिचालनको जिम्मा दिने हो भने समुदाय भित्रका नागरिकको स्वास्थ्य प्रवर्द्धनमा निकै सुधार हुनेछ । यसका लागि स्वास्थ्य शाखाले शिक्षा शाखासंगको सहकार्य र समन्वयमा विद्यार्थी जिम्मेवारी पद्दति विगत ३ बर्ष देखि संचालन हुँदै आएको छ । यस आव २०८०।८१मा जम्मा २१० जना विद्यार्थीले समुदायको स्वास्थ्य अवस्थाको तथ्याङ्क संकलन गर्ने कार्यका साथै समुदायमा स्वास्थ्य शिक्षा प्रदान गरी प्रतिवेदन तयार गरेर विद्यालय नर्स मार्फत कपि परिक्षण गरिएको छ । यसबाट विद्यार्थीको समुदायमा अभ्यास हुने र लेखन शैलीको समेत विकास हुने देखिएको छ । आगामी आव देखि विद्यार्थीहरूलाई समुदायकेन्द्रित कार्यमा लगाउने र विद्यार्थीको प्रतिभा पहिचान गर्ने कार्य गर्ने योजना रहेको छ ।

## क) बालक्लबको कार्य र औचित्य

अमरगढी नगरपालिका स्वास्थ्य शाखाको सहजिकरणामा वालक्लब प्रवर्द्धन गर्नका लागि विद्यालय नर्सको अभिमुखिकरण गरी परिचालन गरेका छन् । समुदायमा थुप्रै स्वास्थ्य समस्याहरू छन् । नागरिकहरू शुद्ध पिउने पानीको बानी छैन । समुदायमा महिलाहरू महिनावारी हुँदा ४ दिनसम्म शुरक्षित चर्पीको प्रयोग गर्नबाट बञ्चित गराईन्छ । महिलाहरू सरसफाईबाट बञ्चित हुँदा र सुरक्षित चर्पीको प्रयोग गर्न नपाए संक्रामक रोगको जोखिमहुने र महिलाहरूलाई दिर्धकालमा छालाको रोग र पाठेघरको क्यान्सर समेत हुने जोखिम बढेको छ । त्यसकालागि बालबालिकाहरूले स्वास्थ्य बिषयको प्रयोगात्मक अभ्यास मार्फत समुदायको स्वास्थ्य चेतना अभिबृद्धि गर्नु अहिले नितान्त आवश्यक छ । अर्को समस्या भनेको विद्यालयमा पढ्दै गरेका २० बर्ष नपुगेका किसोरीहरू उमेर नपुग्दै विवाह गर्ने समस्या वा असुरक्षित यौन सम्पर्क गर्ने कार्यहरू बढ्दै गएको छ । यसका कारणले किसोरीमा स्वास्थ्यका जटिलता आउने देखिन्छ ।

यि माथिका समस्याहरू समाधान गर्नकालागि बालक्लब र विद्यार्थीहरूको अहम भुमिका देखिन्छ ।

त्यसकालागि बालक्लब पदाधिकारीहरूको बैठकबाट बालक्लबको मासिक कार्ययोजना बनाई समुदायमा स्वास्थ्य प्रवर्द्धनका कार्यक्रम गर्न लगाईएको छ। प्रत्येक महिनाको रिपोर्ट पठाए बापतमा आगामी बर्ष देखि आधारभुत विद्यालयसम्म सञ्चालन भएका सामुदायिक विद्यालयका बालक्लबहरूलाई प्रति बालक्लब रु ५०० अक्षरेपी पाँचसयका दरले स्वास्थ्य शाखाले उपलब्ध गराउने छ। मासिक थप कार्य नगर्ने र रिपोर्ट नगर्ने विद्यालयका वालक्लबहरू आर्थिक सहयोग गर्न सकिने छैन। यसको दिर्धकालिन रुपमा बालबालिकाहरूको स्वास्थ्य चेतनामा अभिबृद्धि समुदायिक सचेतना अभियान र बालबालिकाहरूको आन्तरिक प्रतिभाको पहिचान हुने देखिन्छ।

## ख) महिनावारीव्यवस्थापन

महिनावारीहुनु भनेको महिलाको प्रकृतिपद्दत अधिकार हो। महिनावारी अनियमित हुने महिलालाई बैज्ञानिक दृष्टिले हेर्दा सन्तान उत्पादन गर्न नसक्ने, पारिवारिक दृष्टिकोणले हेला गर्ने, र धार्मीक दृष्टिकोणबाट हर्दा अशुभ मानिन्छ। महिलाले नियमित रुपमा २८ दिनको चक्रका साथ महिनावारी हुनै पर्छ। त्यसै कारणले पनि नेपाल सरकार महिनावारी उमेरका बालबालिकालाई निशुल्क स्यानिटरी प्याड उपलब्ध गराउँदै आएको छ। आव २०८०।८१मा विद्यालय नर्स मार्फत ९१९ छात्राहरूलाई स्यानिटरी प्याड वितरण गरेका छन्।

यो प्राकृतिक चक्र हुँदा हुँदै पनि हाम्रो समाजमा महिनावारी भएका महिलालाई हेर्ने र व्यवहार गर्ने दृष्टिकोण फरक छ। समुदायको वस्तुगत अध्ययन गर्दा परिवारका अधिकांश मुलीले महिनावारी भएका महिलाहरूलाई गाईबस्तुको गोठमा सुताउने, ४ दिनसम्म सौचालयका लागि चर्पी प्रयोग गर्न नदिने र ४ दिन पश्चात नुहाउनकालागि खुल्ला स्थानमा जानु पर्ने जस्ता कुरीतिहरू समाजमा विद्यमान रहेको छ। स्वास्थ्य शाखाले यसबाट सर्वेक्षणमा तथ्याङ्क संकलन गरी विश्लेषण गर्दा देहाय बमोजिमको नतिजा ल्याएको छ।

| क्र. सं. | सूचक | न.पा. तथा वडा अनुसार सूचकको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | न.पा. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| २ | महिनाबारी भएको बेला गाइबस्तुको गोठमा बस्ने घरधुरी | १४ | २१ | ० | ४ | ३ | ४ | १ | २३ | १३ | ३४ | पोषणमैत्री वडा | २३ |
| ३ | महिनाबारी भएको बेला महिलालाई सौचालय प्रयोग गर्न नदिने घरधुरी | ३९ | ५७ | ३० | ४३ | ४७ | ३ | १२ | २७ | ३६ | ४७ | पोषणमैत्री वडा | ६४ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण, २०८०)

नगरपालिकामा १४ प्रतिशत महिलाहरू गाईगोरुसँग गोठमा सुत्न बाध्य भएका र ३९ प्रतिशत महिलाहरूले सौचालय प्रयोग गर्न नपाई खुल्ला स्थानमा सौच गर्न वाध्य भएका छन्। महामारी र संक्रामक रोगका लागि यो अवस्था निकै नै चूनौतीपूर्ण देखिएको छ। यसलाई नगरपालिकाले कानून निर्माण गरी सबै महिनावारी भएका महिलाहरूको सरसफाइको हकलाई सुनिश्चित गराउनु पर्ने देखिन्छ।

## ५.४ क्षेत्रः कृषि विकास

राष्ट्रिय कृषि नीति,२०६१ मा देशमा भौगोलिक विविधताले उपलब्ध गराएको अवसर, कृषकहरूको लामो समयदेखिको विशिष्ट अनुभव र आधुनिक कृषि प्रविधिको सदुपयोगबाट दीगो आर्थिक वृद्धि तथा खाद्य सुरक्षा कायम गर्न सकिने सम्भावना रहेको औल्याइएको छ। तथापि कृषि उर्वर भूमिको अवैज्ञानिक प्रयोग, प्राकृतिक प्रकोपहरूको भूमिमा पर्ने असरहरू, कृषि श्रम र सिप हुनेहरूमा कृषि योग्य भूमिको पहुँच नहुनु र पहुँच हुनेहरूले भूमिको प्रयोग गर्न नसक्नु, कृषि क्षेत्रको विकासका लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था हुन नसक्नु नेपालमा कृषि क्षेत्रका मुख्य समस्याहरू र चुनौती रहेको राष्ट्रिय कृषि नीति २०६१को पृष्ठभूमी मै स्पष्ट उल्लेख गरिएको छ। यो समग्र राष्ट्रको कृषि क्षेत्रको आम समस्या भएकोले यस नगरपालिकाको हकमा समेत लागु हुन्छ। नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कुल गार्हस्थ्य उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपन्छी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भए तापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय स्तरमा कृषिसम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको वृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ। नेपालमा करिब ६३ प्रतिशत जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि कृषिमा निर्भर रहेका छन्। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डीकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरू हुन्। कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ, सडक, विजुली, सञ्चार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रूपमा स्थापित गर्नु पनि चुनौतिको रूपमा रहेको छ।

### क) नगरपालिकामा फल्ने खाद्यान्न बालीहरूको विवरण

नगरपालिकाको ३७.०३ वर्ग कि.मि. (२६.६५ प्रतिशत) भू–भाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा मास, मसुरो, केराउ, उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरीको उत्पादन गरीन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ। नगरपालिकामा सबैभन्दा धैरै क्षेत्रमा खाद्यान्न, तरकारी र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ।

नेपालको भौगोलिक विविधताको कारण विभिन्न क्षेत्रहरूमा लगाइने बालीहरू र लगाउने समय फरक फरक पाइन्छ। यस्तै एउटै ठाउँको माथिल्लो मध्य र तल्लो भागमा पनि बाली लगाउने र बालीको भिन्नता

पाइन्छ । यस अमरगढी नगरपालिकाको बालीको समयअनुसार बाली पात्रोको विवरण तल तालिकामा देखाइएको छ ।

**बाली पात्रो**

| क्षेत्र | बाली | लगाउने समय | | बाली लिने समय | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| उच्च भाग | मकै | - | फागुन–बैशाख | - | भदौ–असोज |
| | गहुँ | - | असोज–मंसिर | - | चैत–बैशाख |
| | कोदो | - | जेष्ठ–असार | - | कार्तिक–माघ |
| | वर्षे आलु | - | माघ/फागुन | - | जेठ–श्रावण |
| | सिमी | - | बैशाख–असार | - | भदौ–कार्तिक |
| | भटमास | - | जेष्ठ–असार | - | असोज–मंसिर |
| मध्य भाग | धान | बैशाख–श्रावण | फागुन चैत | असोज–मंसिर | - |
| | गहुँ | असोज-कार्तिक | असोज–मंसिर | चैत–बैशाख | चैत–बैशाख |
| | मकै | फागुन–चैत | फागुन–चैत | असार–श्रावण | श्रावण–भदौ |
| | आलु | कार्तिक –मंसिर | कार्तिक –मंसिर | फागुन –चैत | फागुन –चैत |
| | कोदो | - | जेष्ठ–असार | - | कातिक–मंसिर |
| | तोरी | असोज –कार्तिक | असोज –कार्तिक | मंसिर–चैत | फागुन –चैत |
| | भटमास | जेठ–असार | जेठ–असार | कातिक–मंसिर | मंसिर–चैत |
| तल्लो वेसी | धान | बैशाख–श्रावण | - | असोज–मंसिर | - |
| | गहुँ | कार्तिक –मंसिर | असोज–कार्तिक | चैत–बैशाख | चैत–बैशाख |
| | मकै | - | चैत–बैशाख | - | श्रावण–भदौ |
| | आलु | कार्तिक –मंसिर | असोज –मंसिर | फागुन –चैत | पुस–माघ |
| | तोरी | असोज –कार्तिक | असोज –कार्तिक | मंसिर–चैत | फागुन –चैत |

श्रोतः अमरगढी नगरपालिको पाश्र्वचित्र, २०७५

## ख) कृषि पकेट क्षेत्रको विवरण

अमरगढी नगरपालिकामा कृषि पेशा अगाल्ने परिवारको सङ्ख्या उच्च रहेको छ । कृषि पेशामा सम्लग्न श्रम शक्ति उच्च रहेको यस नगरपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले नगरपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे, तरकारी, फलफूल, खाद्यान्न, मौरी पालन, अलैचीजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ । यस नगरपालिकामा रहेका पकेट

क्षेत्रको विवरण निम्न अनुसार रहेको छ।

| क्र. सं. | व्यवसायिक पकेट क्षेत्र | पकेट क्षेत्र | वडा नं. |
|---|---|---|---|
| १ | तरकारी | दुमडा, पोखरा, रोखलगाउँ, ढाँटगाउ, फिन्नेकोट, डोला मनना, मालम, डोटीघटाल, कोट्यौडा, भेटा र बण्ड | १, ३, ६, ७, ८ र ११ |
| २ | तरकारी बिउ पकेट | रजेउडा, कोटेउडा, लरडा र रोड्के | ३ |
| ३ | आलु | फिन्नेकोट, पोखरा दुमडा, मालम, डोटीघटाल, भेटा, बण्ड, पोखरा, सल्लागाउँ, सिरोला, तडिबाटा | १, २, ३, ६, ७, १०, ११ |
| ४ | अदुवा | भालुमारे, भेटा, बण्ड | १ र ६ |

## ग) पोषणका अन्य पुर्वाधारहरू तथा सूचकको वर्तमान अवस्था

मानिसहरूमा पोषणको अवस्थामा सुधार गर्नका लागि खाद्य सुरक्षा र खाद्य बस्तुको गुणस्तरले महत्त्वपूर्ण भुमिका खेल्दछ। घरायसि स्तरमा खाद्य सुरक्षा तथा खाद्य बस्तुको गुणस्तर कायम राख्न, कृषिजन्य खाद्यवस्तु उत्पादन र उपभोगमा बृद्धि गर्न, सुक्ष्म पोषक तत्व खाद्यवस्तु उपभोग गर्न जरुरी हुन्छ। नेपालको कृषि विकास रणनीति (२०७२-२०९२) ले खाद्यजन्य गरीवि २७.६ प्रतिशतबाट २०८२ सम्ममा १३ प्रतिशत र २०९२ सम्ममा ६ प्रतिशतमा झार्ने उद्देश्य लिएको छ। यस्का अतिरिक्त यस रणनीतिले पुड्कोपना, कम तौल, ख्याउटेपना,प्रजनन उमेरका महिलामा हुने रक्तअल्पता तथा दुब्लोपनालाई पनि सुधार गर्ने लक्ष लिएको छ। यसै सन्दर्भमा अमरगढी नगरपालिकाले पनि नगरपालिकालाई पोषणमैत्री बनाउने अभियान अन्तरगत कृषि क्षेत्र प्रवर्द्धनका लागि विभिन्न अभियानहरू संचालन गर्दै आएको छ र कृषि क्षेत्रका केहि पोषणमैत्री पूर्वाधारहरूको अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ।

| सूचक | न.पा. तथा वडा अनुसार सूचकको अवस्था (प्रतिशतमा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | न.पा. | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
| घरमा करेसाबारी भएका घरधुरी | ६३ | ५९ | ६९ | ५३ | ९३ | १९ | ५८ | ६५ | ६४ | ७५ | ९३ | ६९ |
| जैबिक बिषादि तथा प्राङ्गारिक मल प्रयोग गर्ने घरधुरी | ६९ | ७० | ५८ | ६१ | ९३ | २९ | ६१ | ६२ | ८६ | ९० | ९८ | ८२ |
| आफ्नै उत्पादनले ६ महिना देखि १२ महिना सम्म खान पुग्ने | १० | ९ | ८ | २८ | ५ | २ | ६ | १० | २ | ८ | - | ६ |
| आफ्नै उत्पादनले ३ महिना देखि ६ महिना सम्म खान पुग्ने | ६७ | ६७ | ५८ | २३ | ६२ | ७६ | ७७ | ७० | ८३ | ६७ | - | ६९ |
| आफ्नै उत्पादनले १ महिना देखि ३ महिना सम्म खान पुग्ने | ३६ | २९ | २५ | ३ | ३० | ५६ | ५८ | ४८ | ४९ | ३५ | - | ३१ |

(श्रोतः स्वास्थ्य तथा पोषण सम्बन्धी आधारभुत सर्बेक्षण २०८०)

माथिको तथ्याङ्कले घरधुरी स्तरमा पोषण स्थिति सुधारका लागि अतिआवश्यक सूचक करेसाबारीको स्थापना अमरगढी न.पा.मा ६३ प्रतिशत देखिन्छ। सबैभन्दा राम्रो पोषणमैत्री वडाको रुपमा घोषणा भइसकेको वडा नं. १० मा छ भने, सबै भन्दा कम वडा नं. ५ मा देखिन्छ । समग्रमा करेसाबारी प्रवर्द्धनका लागि नगरपालिकाले विशेष योजना बनाउन जरुरी छ । त्यस्तै गरी नगरपालिकामा बसोबास गर्ने मानिसहरूको मुख्य पेशा कृषि भए पनि आफ्नै उत्पादनले ६ महिना भन्दा बढि खान पुग्ने घरधुरीको संख्या भने १० प्रतिशत मात्र छ त्यसैले उत्पादन बृद्धिका लागि समेत विशेष योजना बनाउन जरुरी छ।

### घ) अमरगढी नगरपालिकामा कृषि विकास शाखामा दर्ताभएका कृषकसमूह तथा व्यक्तिगत फर्महरूको विवरण:

| क्र.सं. | समूह/फर्मको नाम | वडा नं. | टोल |
|---|---|---|---|
| १ | ताजा तरकारी तथा बीउ उत्पादन कृषक समूह | १ | कुड |
| २ | खडैलि बाबा बहुउद्देश्य कृषक समूह | १ | भेटा |
| ३ | बैजनाथ महिला कृषक समूह | १ | |
| ४ | श्री भुमिराज कृषक महेश्वरी ताजा तरकारी उत्पादन कृषक समूह | १ | मालम |
| ५ | श्री आदर्श महिला कृषक समूह | १ | तटिबाटा |
| ६ | सहश्रलीङ्ग महिला कृषक समूह | १ | बण्ड |
| ७ | घटाल महिला कृषक समूह | १ | |
| ८ | कैलपाल कृषक समूह | २ | |
| ९ | भगवती ताजा तरकारी उत्पादन कृषि समूह | २ | |
| १० | त्रिपुरा महिला कृषक समूह | २ | कारीगाउँ |
| ११ | कैलपाल महिला कृषक समूह | २ | मौरडा |
| १२ | देवल महिला कृषक समूह | २ | मौरडा |
| १३ | बैजनाथ महिला कृषक समूह | २ | |
| १४ | श्री सिउपाल महिला कृषक समूह | २ | जुगेना |
| १५ | श्री भगवती ताजा तरकारी कृषक समूह | २ | |
| १६ | श्री सहश्रलीङ्ग ताजा तरकारी कृषक समूह | २ | जैसीना |
| १७ | कैलपाल ताजा तरकारी कृषक समूह | २ | |
| १८ | श्री कैलपाल ताजा तरकारी कृषक समूह | २ | जैसीना |
| १९ | निलकण्ठ कृषक समूह | ३ | रजैला |
| २० | हरिपाली ताजा तरकारी कृषक समूह | ३ | गुजल्लेक |
| २१ | अशिग्राम बहुउद्देश्य कृषक समूह | ३ | |

| | | | |
|---|---|---|---|
| २२ | भवानी ताजा तरकारी तथा बीउ उत्पादन समूह | ३ | |
| २३ | असिग्राम तरकारी तथा बीउ उत्पादन कृषक समूह | ३ | |
| २४ | कैलपाल गाउँ महिला कृषक समूह | ३ | चमसाल |
| २५ | श्री कैलपाल आमा कृषक समूह | ३ | चमसाल |
| २६ | श्री डुडेश्वर महिला कृषक समूह | ३ | पथरोडा |
| २७ | देवल महिला कृषक समूह | ३ | हटगाउँ |
| २८ | केदारनाथ कृषक समूह | ३ | |
| २९ | न्यु शिद्धनाथ कृषक समूह | ३ | |
| ३० | कैलपाल कृषक समूह | ४ | |
| ३१ | असिग्राम ताजा तरकारी कृषक समूह | ४ | भलिया |
| ३२ | बैजनाथ कृषक समूह | ४ | |
| ३३ | श्री असिग्राम ताजा तरकारी उत्पादन कृषक समूह | ४ | |
| ३४ | हाम्रो साथी महिला कृषक समूह | ४ | खलङ्गा |
| ३५ | भगवती कृषक समूह | ५ | झुरकाली |
| ३६ | भजनपुर ममता वन कृषक समूह | ६ | भजनपुर |
| ३७ | कैलास कृषक समूह | ६ | |
| ३८ | श्री भुमिराज महिला कृषक समूह | ६ | छचोडा |
| ३९ | भगवती कृषक समूह | ६ | |
| ४० | शैलेश्वरी कृषक समूह | ६ | दमडा |
| ४१ | समैजी कृषक समूह | ६ | |
| ४२ | मल्लवान महिला कृषक समूह | ६ | |
| ४३ | भगवती महिला कृषक समूह | ६ | |
| ४४ | प्रगतीशिल हरियाली कृषक समूह | ६ | |
| ४५ | श्री शैलेश्वरी कृषक समूह | ६ | दुमडा |
| ४६ | श्री प्रगतीशिल कृषक समूह | ६ | दुमडा |
| ४७ | उग्रतारा कृषक समूह | ६ | छचोडा |
| ४८ | शितल कृषक समूह | ७ | सिरौला |
| ४९ | भुमिराज तरकारी उत्पादन कृषक समूह | ७ | |
| ५० | शिवशक्ति बिउ उत्पादन कृषक समूह | ७ | |

| | | | |
|---|---|---|---|
| ५१ | समैजी कृषक समूह | ७ | |
| ५२ | श्री रामेश्वर कृषक समूह | | बाग्चौर |
| ५३ | नयाँ नेपाल हलिया कृषक समूह | ८ | |
| ५४ | भुमिराज सुजनसिल कृषक समूह | ८ | टाँटर |
| ५५ | भ्मिराज आई.पि.एम कृषक समूह | ८ | खनमडा |
| ५६ | श्री बकण्डे दलित कृषक समूह | ८ | |
| ५७ | बकण्डे ताजा तरकारी उत्पादन समूह | ८ | बकण्डे |
| ५८ | सहश्रलीङ्ग बेताल महिला कृषक समूह | ८ | |
| ५९ | रामेश्वर महिला कृषक समूह | ८ | |
| ६० | घटाल कृषक समूह | ८ | |
| ६१ | कालाढुङ्गा ताजा तरकारी कृषक समूह | ९ | ढाँटगाउँ |
| ६२ | कैलपाल ताजा तरकारी कृषक समूह | ९ | चमाल्लेक |
| ६३ | सहश्रलीङ्ग ताजा तरकारी कृषक समूह | ९ | |
| ६४ | सहश्रलीङ्ग आई.पि.एम कृषक समूह | १० | राई |
| ६५ | घटाल तरकारी कृषक समूह | १० | भराड |
| ६६ | लाटेश्वर महिला कृषक समूह | १० | मल्लो बुडाली |
| ६७ | असिग्राम कृषक समूह | ११ | सल्लाघारी |
| ६८ | हरियाली कृषक समूह | ११ | परिगाउँ |
| ६९ | कैलपाल कृषक समूह | ११ | लिटिरीगाउँ |
| ७० | श्री भैरव कृषक समूह | ११ | लिटिरीगाउँ |
| ७१ | गौणीबाघ कृषक समूह | ११ | लिटिरीगाउँ |
| ७२ | श्री पासा कृषक समूह | ११ | लिटिरीगाउँ |
| ७३ | बेताल मतिला कृषक समूह | ११ | |

**श्रोतः अमरगढी नपा कृषि शाखा**

## ङ) आ.ब. २०८०/८१ मा संचालन गरिएका पोषण लक्षित क्रियाकलापहरू

